# नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA

बिहीबार, मंसिर ७, २०७४ | Thursday, November 23, 2017 | www.newsofnepal.com | नेसं ११३८ थिंल्लाथ्व ५ | वर्ष २३, अंक ३०८ | पृष्ठ १२ | मूल्य रू. १०/–







KNP Japan Pvt. Ltd.
A SUBSIDIARY OF KANSAI NEROLAC PAINTS
विश्वभर फैलिएका घरहरु रङ्गाएको
JAPAN को NO.1 PAINT
लाई हामीले ल्याएका छौं अब नेपालमा !
NO VOC & LEAD FREE
HEALTHY HOME PAINTS
KNP
EXTERIOR
EXCEL TOTAL
ALL IN ONE
ACRYLIC EXTERIOR EMULSION
7 YEARS WARRANTY
KNP का उत्कृष्ट उत्पादनहरु
IMPRESSIONS
24 CARAT
PREMIUM LUXURY EMULSION
EXCEL
ANTI-PEEL FORMULA
ACRYLIC EXTERIOR EMULSION




नेपाल समाचारपत्र
नेपाली मनको नेपाली पत्रिका
NEPAL SAMACHARPATRA

» बिहीबार, मंसिर ७, २०७४ » Thursday, November 23, 2017 » www.newsofnepal.com » नेसं ११३८ थिंल्लाथ्व ५ » वर्ष २३, अंक ३०८ » पृष्ठ १२ » मूल्य रू. १०/–

## पहिलो चरणको जोडघटाउ गर्दै प्रमुख दलहरू

# दुवै गठबन्धन बहुमतको कसरतमा

रामकृष्ण चापागाईं, काठमाडौं

प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनअन्तर्गत पहिलो चरणमा ३२ जिल्लामा आउँदो आइतबार निर्वाचन हुँदै छ। तीन दिनपछि हुने यो निर्वाचनमा प्रतिनिधि सभातर्फ ३७ र प्रदेशसभातर्फ ७४ क्षेत्रमा निर्वाचन हुँदै छ।

यी क्षेत्रहरूमा नेपाली कांग्रेस, राप्रपा (प्रजातान्त्रिक) र नयाँ शक्तिबीचको लोकतान्त्रिक गठबन्धन तथा एमाले-माओवादी केन्द्रबीचको वाम गठबन्धनबीच कडा प्रतिस्पर्धा हुने अनुमान गरिएको छ।

पहिलो चरणअन्तर्गत प्रदेश नम्बर १ को सोलुखुम्बु, संखुवासभा, भोजपुर, ओखलढुंगा, ताप्लेजुङ, पाँचथर र खोटाङ गरी सातवटा जिल्ला, प्रदेश नम्बर ३ को नुवाकोट, रसुवा, धादिङ, सिन्धुपाल्चोक, दोलखा र रामेछाप गरी ६ वटा जिल्लामा निर्वाचन हुँदै छ।

पहिलो चरणमै प्रदेश नम्बर ४ को मुस्ताङ, म्याग्दी, बाग्लुङ, मनाङ, लमजुङ र गोरखा तथा प्रदेश नम्बर ५ को रुकुम (पूर्वी भाग) र रोल्पामा निर्वाचन हुँदै छ। प्रदेश नंम्बर ६ को रुकुम (पश्चिम भाग), जाजरकोट, हुम्ला, मुगु, जुम्ला, कालिकोट र डोल्पा गरी ७ वटा जिल्ला र प्रदेश नम्बर ७ को दार्चुला, बझाङ, बाजुरा र बैतडी गरी ४ वटा जिल्लामा पनि पहिलो चरणमै निर्वाचन हुँदै छ।

लोकतान्त्रिक गठबन्धन र वाम गठबन्धनको प्रभुत्व रहेको पहिलो चरणको निर्वाचन हुने



क्षेत्रमा मौन अवधि शुरू हुनै लाग्दा यी दुई गठबन्धनका रणनीतिकारहरू भने जोडघटाउ गर्दै शीर्ष नेताहरूलाई रिपोर्ट बुझाउन व्यस्त भएका छन्। दुवै गठबन्धनले आ-आफूले निर्वाचन जित्ने दाबी गरिरहेका यी जिल्लाको केही क्षेत्रका नतिजाका बारेमा भने आम सर्वसाधारणले समेत चासो दिइरहेका छन्।

गोरखा क्षेत्र नम्बर १ मा नयाँ शक्तिले नेपाली कांग्रेसलाई सघाउने र २ मा कांग्रेसले नयाँ शक्तिलाई सघाउने सहमति बनेको छ। जसअनुसार क्षेत्र नं १ मा नेपाली कांग्रेसका तर्फबाट चीनकाजी श्रेष्ठ र वाम गठबन्धनबाट माओवादीका हरि अधिकारी प्रतिस्पर्धामा रहेका छन्। स्थानीय निर्वाचनको मत परिणामअनुसार ५४ मतको मात्र अन्तर देखिने यो क्षेत्रमा दुवै प्रतिस्पर्धीले आ-आफै जित्ने दाबी गरेका छन्।

आइतबार हुने निर्वाचनमा गोरखा क्षेत्र नम्बर २ को प्रतिस्पर्धा झनै रोचक हुने देखिएको छ। नयाँ शक्ति नेपालका संयोजक डा. बाबुराम भट्टराई र माओवादी केन्द्रका वरिष्ठ नेता नारायणकाजी श्रेष्ठबीच प्रतिस्पर्धा हुँदै छ। यी दुईमध्ये जुन नेताले चुनाव जिते पनि एक नेताको हारले देशैभरि चर्चा पाउनेछ। स्थानीय निर्वाचनलाई आधार मान्ने हो भने यो क्षेत्रमा पनि दुई गठबन्धनबीच ५५ मतको मात्र अन्तर देखिन्छ।

पहिलो चरणको निर्वाचनमा नुवाकोट र सिन्धुपाल्चोकको प्रतिस्पर्धा पनि रोचक हुने देखिएको छ। नुवाकोट क्षेत्र नम्बर १ मा नेपाली कांग्रेसबाट डा. रामशरण महत र गठबन्धनका तर्फबाट हितबहादुर तामाङ प्रतिस्पर्धामा छन्। स्थानीय निर्वाचनको मत परिणामअनुसार भारी मतले वाम गठबन्धन अगाडि देखिए पनि कांग्रेसका उम्मेदवार डा. महतको सम्भावना बढी भएको बताइन्छ। महतलाई विजयी गराउन एमालेले कमजोर उम्मेदवार दिएको भनी यसअघि चर्चा भएको थियो। धादिङ क्षेत्र नम्बर १ का प्रदेशसभातर्फका उम्मेदवार एमाले पोलिटब्युरो सदस्य राजेन्द्र पाण्डेसँग महतले सहमति गरी उहाँको क्षेत्रमा कांग्रेसले कमजोर उम्मेदवार उठाउने र महतको ठाउँमा गठबन्धनले कमजोर उम्मेदवार उठाउने सहमति भएको यसअघि पनि चर्चा भएको थियो।

नुवाकोट क्षेत्र नम्बर २ मा कांग्रेसका अर्जुननरसिंह केसी र वाम गठबन्धनका तर्फबाट एमालेका नारायणप्रसाद खतिवडाबीच प्रतिस्पर्धा हुँदै छ। स्थानीय निर्वाचनको मत परिणामअनुसार १७ हजार ८ सय ५९ मतले वाम गठबन्धन अगाडि देखिन्छ। यसअघिको निर्वाचन लगातार जित्दै आएका कांग्रेस उम्मेदवार केसीलाई निर्वाचन जित्न फलामको चिउरा चपाएजत्तिकै हुने भएको छ।

(क्रमशः पृष्ठ ९ मा)

## जिशिकाको सपना अधुरो

# कक्षा ८ को परीक्षा स्थानीय तहबाट

ईश्वरराज ढकाल, काठमाडौं

शिक्षा मन्त्रालयले यो वर्षदेखि कक्षा ८ को जिल्लास्तरीय परीक्षा गर्ने जिम्मा स्थानीय निकायलाई दिएको छ। शिक्षा विभागले मंगलबार निर्णय गरी सबै स्थानीय निकायबाट कक्षा ८ को परीक्षा सञ्चालन गर्न निर्देशन दिएको हो।

विघटनको संघारमा पुगेका जिल्ला शिक्षा कार्यालयले अहिलेसम्म आफ्नो मातहतबाट विद्यालय सञ्चालन भइरहेको अवस्थामा जिशिकाबाटै परीक्षा सञ्चालन गर्न माग गर्दै आएका थिए। कतिपय जिल्ला शिक्षा कार्यालयले परीक्षा सञ्चालन गर्न तयारीसमेत गरेका थिए। तर शिक्षा मन्त्रालयले मंसिर ३ गते सचिवस्तरीय निर्णय गरी स्थानीय निकायबाट परीक्षा सञ्चालन गर्न शिक्षा विभागमा पत्राचार गरेपछि जिल्ला शिक्षा कार्यालयहरूको कक्षा ८ को अन्तिम परीक्षा सञ्चालन गर्ने सपना पूरा हुन सकेन।

स्थानीय सरकार सञ्चालन ऐनमा स्थानीय सरकारले नै परीक्षा सञ्चालन गर्ने उल्लेख भए तापनि अधिकांश स्थानीय तहको कार्यालय र कर्मचारीको व्यवस्थापन नभएका कारण यो वर्षका लागि समस्या देखिएको थियो। तर सरकारले ऐनमा उल्लेख भएअनुसार परीक्षा सञ्चालन गर्ने जिम्मा स्थानीय तहलाई दिएको हो।

काठमाडौं जिल्ला शिक्षा कार्यालय आफैले परीक्षा सञ्चालन गर्ने तयारी गरेको थियो।

शिक्षा विभागले नेपालको संविधानअनुसार विद्यालय शिक्षाको सञ्चालन, व्यवस्थापनलगायतका कार्यहरू स्थानीय तहको क्षेत्राधिकारभित्र पर्ने भएकाले परीक्षा सञ्चालन गर्ने अधिकारसमेत स्थानीय तहलाई दिएको हो। स्थानीय सरकार

**काठमाडौं जिल्ला शिक्षा कार्यालय आफैले परीक्षा सञ्चालन गर्ने तयारी गरेको थियो।**

सञ्चालन ऐन २०७४ कार्यान्वयनमा आइसकेको हुँदा सो ऐनको परिच्छेद ३ को दफा ११ ज (१४) बमोजिम कक्षा ८ को परीक्षा सञ्चालन गर्न सबै जिल्ला शिक्षा कार्यालय र क्षेत्रीय शिक्षा निर्देशनालयलाई पत्राचार गरेको हो।

काठमाडौं महानगरपालिकाका शिक्षा उपसचिव प्रल्हाद अर्यालले कक्षा ८ को अन्तिम परीक्षा सञ्चालन गर्ने दायित्व र जिम्मेवारी स्थानीय तहको नै भएको बताउँदै यो वर्षको कक्षा ८ को परीक्षा स्थानीय तहबाटै सञ्चालन गर्ने स्पष्ट पार्नुभयो। 'कर्मचारीको अभाव भए स्थानीय तह र जिल्ला शिक्षा कार्यालयबाट लिएर भए पनि परीक्षा सञ्चालन गर्नेछौं।' -उहाँले भन्नुभयो। कार्यालयसमेत व्यवस्थित नभएको संस्थाले कसरी परीक्षा सञ्चालन गर्छ त भन्ने प्रश्नमा उहाँले भन्नुभयो- 'अब व्यवस्थित गरिसकेका छौं, परीक्षा सञ्चालन गर्न कुनै समस्या पर्दैन।'

विभागले स्थानीय तहलाई आवश्यक प्राविधिक र व्यवस्थापकीय सहयोग गरी सफलीभूत बनाउन सबै जिशिका र क्षेत्रीय शिक्षा निर्देशनालयलाई पत्राचार गरेको छ। पत्रमा परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापनका विषयमा जिल्ला समन्वय समितिमा प्रस्तुति गरी उक्त समितिबाट हुने निर्णयको कार्यान्वयनमा आफूसँग उपलब्ध भएसम्मको आर्थिक, प्राविधिक तथा व्यवस्थापकीय सहयोग गर्न विभागले सबै जिशिका र क्षेत्रीय शिक्षा निर्देशकलाई निर्देशन दिएको छ।

सरकारको निर्णयपछि अब स्थानीय तहबाटै कक्षा ८ को परीक्षा सञ्चालन हुने बताउँदै ललितपुरका शिक्षाका उपसचिव हरि अर्यालले शिक्षकले सहयोग गरेपछि परीक्षा सम्पन्न हुन कुनै समय नलाग्ने बताउनुभयो। उहाँले भन्नुभयो- 'हामीसँग सबै शिक्षक र विद्यार्थीको अभिलेख छ, सोही आधारका परीक्षा सञ्चालन गर्नेछौं।'

# सगरमाथाको उचाइ मापन फागुनमा

प्रशान्त वली, काठमाडौं

सगरमाथाको उचाइ फागुनको पहिलो साताबाट नापिने निश्चित भएको छ। त्यसका लागि यही मंसिर मसान्तसम्म आवश्यक पर्ने सबै प्रविधिको तयारी पूरा हुने नापी विभागले बताएको छ।

कार्यविधिअन्तर्गत उचाइ मापन लागत, विधि प्रक्रिया, आवश्यक प्राविधिक तथा अन्य जनशक्तिलगायतका आधार समेटिएका छन्।

मंसिर २५ र २६ गते काठमाडौंमा सगरमाथा उचाइ मापन सन्दर्भमा अन्तर्राष्ट्रिय गोष्ठीको आयोजनासमेत गरिएको छ। गोष्ठीमा प्रविधिविज्ञसहित अन्तर्राष्ट्रिय वैज्ञानिकको समेत सहभागिता रहने विभागका महानिर्देशक गणेशप्रसाद भट्टले *नेपाल समाचारपत्र*लाई जानकारी दिनुभयो।

उहाँले भन्नुभयो- 'सोलुखुम्बुका १२ वटा स्थानमध्ये ८ वटा स्थान पहिले पनि मापनका लागि प्रयोग भएका केन्द्र थिए। अन्य चारवटा नयाँ प्वाइन्ट निर्धारण गरिएको छ। पुस-माघको समयमा हिउँ पर्ने भएकाले फागुनबाटै अथवा हिउँ लाग्ने समय सकिएपछि मापन कार्य नै शुरू हुन्छ।'

विभागले लिएको उचाइको विन्दुमध्ये उदयपुरको बाँसघारीदेखि उचाइ मापन कार्य शुरू गरिसकेको छ। यो पहिलो चरणको 'लेभलिङ' मापन हो। विभागले क्रमिकरूपमा सर्भे सम्पन्न गर्ने गरी कार्यक्रमसहित सरकारसँग १३ देखि १५ करोड बजेट माग गरेको छ। विभागले उचाइ मापनका लागि जनशक्ति र भौतिक पूर्वाधारको तयारी गरिरहेको छ। विश्वको सर्वोच्च शिखर सगरमाथाको नामबाट नेपाल अन्तर्राष्ट्रिय जगत्मा चिनिएको छ।

विभागले दुई वर्षभित्र सगरमाथा उचाइको नतिजा प्राप्त गर्ने गरी कार्यविधि ल्याउने तयारी गरेको छ। सगरमाथाको उचाइ नाप्न कम्तीमा १० करोड रुपियाँ खर्च लाग्ने र यस वर्ष २ करोड बजेट विनियोजन भएको नापी विभागले बताएको छ।

विश्वकै अग्लो चुचुरो सगरमाथाको उचाइ संयुक्त रूपमा पुनः नाप्नका लागि भारतले नेपालसँग प्रस्ताव राखेको खबर सार्वजनिक भए पनि यसबारे आफूलाई केही जानकारी नभएको विभागका महानिर्देशक भट्टले *नेपाल समाचारपत्र*लाई जानकारी दिनुभयो। इन्डो-नेपाल साइन्टिफिक एक्पिडिसन नेपाल र भारतको संयुक्त टोलीले सगरमाथाको उचाइ नाप्नका लागि प्रस्ताव गरेको भारतका विज्ञानमन्त्री हर्ष वर्दनले भारतीय सञ्चारमाध्यमलाई बताउनुभएको थियो।

सर्भे अफ इन्डियाको २५०औं वार्षिकोत्सवको अवसरमा आयोजित कार्यक्रममा मन्त्री वर्दनले आवश्यक प्रक्रिया पूरा भए अबको दुई महिनासम्ममा चुचुरोको सर्भे सम्पन्न गर्ने र संयुक्त टोलीले ग्लोबल पोजिसनिङ सिस्टम (जीपीएस) र त्रिकोणमितीय विधि गरी दुई विधिबाट उचाइ नाप्ने तयारी भइसकेको बताउनुभएको थियो।

(क्रमशः पृष्ठ ९ मा)

भूकम्पपीडितको बस्तीमा खानेपानी पृष्ठ ५

फेरि वाम गठनबन्धमा फर्किए दर्लामी पृष्ठ ६

४ डीआईजीको बढुवा पृष्ठ ९

कारोबार रकम घट्ने क्रममा पृष्ठ ११







# वन-वातावरणका मुद्दा नारामा सीमित

टीका बन्धन, काठमाडौं

राजनीतिक दलहरूले प्रदेश र केन्द्रका लागि तयार गरेका घोषणपत्रमा वन र वातावरणका मुद्दालाई आ-आफ्नै ढंगले व्याख्या गरेका छन्। यस्ता विषय शीर्ष दलका घोषणापत्रमा प्राथमिकतामा राखिएका छन्।

वन क्षेत्रलाई आर्थिक समृद्धिको मेरुदण्ड बनाउँदै मुलुकलाई वन पैदावरमा आत्मनिर्भर बनाउन न्यूनतम ४० प्रतिशत वन क्षेत्र कायम गर्ने राष्ट्रिय लक्ष्य दलहरूले अघि सारेका छन्। समुदायमा आधारित वन व्यवस्थापनको विस्तार र निजी वनलाई प्रोत्साहित गर्दै वनमा आधारित उद्योग स्थापनालाई प्राथमिकता दिने नेपाली कांग्रेसको घोषणापत्रमा उल्लेख छ।

त्यस्तै आशय नेकपा एमाले र माओवादी केन्द्रको साझा घोषणामा समेत समेटिएको छ। वन विकासका लागि कृषकलाई सस्तो ब्याजमा ऋण उपलब्ध गराउने, वनको पहुँचबाहिर रहेका तराई-मधेससहित अन्यत्रका समुदायलाई पनि वनको पहुँचमा समेट्ने एमाले-माओवादीको साझा लक्ष्य छ। गत वर्ष सार्वजनिक सर्वेक्षणअनुसार मुलुकको कुल क्षेत्रफलमध्ये ४४ दशमलव ७४ प्रतिशत भू-भाग वन क्षेत्रले ओगटेको छ।

## दलका चुनावी घोषणापत्र

यो तथ्यांक वन र अन्य काष्ठ तथा बुट्यानले समेत ओगटेको वन अनुसन्धान तथा सर्वेक्षण विभागले जनाएको छ। अधिकांश दलहरूले जैविक विविधता, जलाधार, जल सम्पदा, चुरे क्षेत्रको संरक्षण र संवर्द्धनसँगै कार्यक्रमलाई उचित ढंगले उपयोग गर्ने नीति अघि सारेका छन्। एमाले-माओवादीको संयुक्त घोषणापत्रको बुँदा नम्बर १२ मा यस्तो विषय समेटेको छ।

त्यसै गरी कांग्रेसले घोषणापत्रको खण्ड-३ मा उल्लेख गरेका ५ वटा संकल्प बुँदामध्ये वन-वातावरण र विपद् व्यवस्थापनको संकल्पलाई चौथो सूचीमा समावेश गरेको छ। मापदण्ड विपरीतका प्लास्टिक झोला र वातावरणमा प्रतिकूल असर गर्ने सामग्री प्रयोगलाई निषेध गर्नेबारेका कार्यक्रमलाई पनि दलहरूले जोड दिएका छन्।

दलहरूले प्राथमिकता दिएका वन-वातावरणका मुद्दा अधिकांश पुरानै भएकाले उत्साहित हुनुपर्ने अवस्था भने नरहेको विज्ञहरूको तर्क छ। वन विज्ञ डा. नयाँ शर्मा पौडेल भन्नुहुन्छ- 'घोषणापत्र नियाल्दा सबै दलले उठान गरेका विषय निकै आकर्षक देखिन्छन्, तर कार्यान्वयन महत्त्वपूर्ण पक्ष हो, विगतका निर्वाचनका घोषणापत्र पनि त धेरै राम्रा नै थिए।'

(क्रमशः पृष्ठ ९ मा)

# विचार

केही ज्ञान लिनका लागि शुरुमै
आफूलाई अज्ञानी सम्झने गर।
- डिजरायाली

संघर्षको सुख नै सर्वोत्तम
सुख हो।
- मेक्सिम गोर्की

## सम्पादकीय

नेपाल समाचारपत्र

## रातो पासपोर्ट बुझाऊ

व्यवस्थापिका संसद् विघटन भएको डेढ महिना बितिसक्न लाग्दा पनि तत्कालीन सांसदहरुले सुविधाको रुपमा लिएको कूटनीतिक राहदानी अधिकांशले बुझाएका छैनन् । संसद्को कार्यकाल सकिएको सात दिनभित्र रातो पासपोर्ट बुझाउनुपर्ने प्रावधान भए पनि निवर्तमान भैसकेको लामो अवधिसम्म पनि रातो पासपोर्ट बोक्ने सांसदहरुलाई कारबाही गर्ने कुनै प्रक्रिया पनि अघि बढेको छैन । संसद् विघटन हुनुभन्दा अघि कायम रहेका कुल ५ सय ९१ सांसदमध्ये आधाभन्दा बढी सांसदले अझै राहदानी फिर्ता नगरेको समाचारहरु नियमित प्रकाशित भैरहँदा पनि स्वयं रातो पासपोर्ट बोक्ने माननीयहरु लाज पचाएर बसेका छन् । यसअघि सांसदहरुले रातो राहदानीको दुरुपयोग गरेको घटनाहरु प्रशस्त भएको उदाहरण छ ।

संसद् सचिवालयको तथ्यांकअनुसार तत्कालीन सांसदहरुमध्ये २ सय ५ जनाले मात्र रातो पासपोर्ट बुझाएका छन् । रातो पासपोर्ट राहदानी विभागले जारी गर्ने र सोझै विभागलाई बुझाउन सकिने भएकाले संसद् सचिवालयको तथ्यांकमा केही फरक पर्न सक्ने हुन्छ । संसद् सचिवालयले पनि राहदानी विभागसँग समन्वय गरेर कुन–कुन सांसदले रातो पासपोर्ट बुझाएनन् भनेर संख्या एकिन गर्न ध्यान दिएको पाइँदैन । निवर्तमान भैसकेका सांसदहरुले तोकिएको समयमा रातो पसपोर्ट नबुझाउँदा उनीहरुको नियतमाथि प्रश्न उब्जिएको छ । राहदानी विभागका कर्मचारीहरुले विगतमा जस्तो रातो पासपोर्टको दुरुपयोग हुने सम्भावना नरहेको बताए पनि संसद् विघटन भएको डेढ महिनासम्म पनि रातो पासपोर्ट बोकिरहनुले नियोजित नियत भएको प्रस्ट हुन्छ ।

प्रावधानअनुसार रातो पासपोर्टको सुविधा राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधानन्यायाधीश, सभामुख, उपसभामुख, उपप्रधानमन्त्री, मन्त्री, राज्यमन्त्री, संसद्मा विपक्षी दलका नेता, सर्वोच्चका न्यायाधीश, न्याय परिषद्का सदस्य, संवैधानिक निकायका प्रमुख, मुख्य सचिव, संसद्का महासचिवलगायत अन्य विशिष्ट अधिकारीहरुले पनि पाउँछन् । विभिन्न सरकारी निकायबाट सिफारिशसहित कूटनीतिक राहदानी माग गरिएको अवस्थामा मात्र जारी गरिने रातो पासपोर्ट तत्काल बुझाएर निवर्तमान सांसदहरुले इमानदारिता देखाउनुपर्छ । रातो पासपोर्ट नबुझाउने तत्कालीन सांसदहरुले अहिले निर्वाचनको बहाना देखाएका छन् । रातो पासपोर्ट बुझाउन निर्वाचनको बहाना हुन नसक्ने थाहा हुँदाहुँदै पनि लामो समयसम्म रातो पासपोर्ट राख्नुले उनीहरुको नियतमा आशंका उब्जाएको हो । रातो राहदानी विशिष्ट व्यक्तिहरुलाई दिइने भएकाले काम सकिएपछि फिर्ता दिएर विशिष्ट व्यक्तिको पहिचान दिन सक्नुपर्छ ।

# निर्वाचनको संघारमा राजनीतिक तुफान



रमेश घिमिरे

देश यतिखेर संविधान कार्यान्वयनको महत्वपूर्ण घडीमा छ। नेपालको संविधान, २०७२ ले नेपालको शासन प्रणालीमा संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको व्यवस्था गरेको छ। उक्त संघात्मक शासन प्रणालीको संवैधानिक व्यवस्थालाई कार्यान्वयन गर्ने सिलसिलामा सर्वप्रथम स्थानीय तहको निर्वाचन तीन चरणमा सम्पन्न भइसकेको छ। यही मंसिर १० र २१ गते दुई चरणमा देशभर प्रतिनिधिसभा र प्रदेशसभाको ऐतिहासिक निर्वाचन हुँदै छ। उक्त निर्वाचनका लागि भोट माग्न यतिखेर उम्मेदवारहरु जनताको घरदैलोमा छन्। नेपाली मतदाताहरुमा चुनावको रौनक छाएको छ। गाउँ-शहर सबैतिर चुनावको चहलपहल छ। सबै तहको निर्वाचनको काम, कर्तव्य र अधिकारको जिम्मेवारी बोकेको संवैधानिक निकाय निर्वाचन आयोग निर्वाचनलाई शान्तिपूर्ण र भयरहित वातावरणमा निष्पक्ष रुपले सम्पन्न गर्न जोडबलले लागिरहेको छ।

यस निर्वाचनले नेपालमा नयाँ संविधानको कार्यान्वयनलाई गति दिनुका साथै लोकतान्त्रिक प्रणालीलाई समेत थप सुदृढ र मजबुत बनाउनेछ भन्ने आशा गर्न सकिन्छ। केही अगाडि देशका प्रमुख वाम शक्तिहरु एमाले र एमाओवादीबीच पार्टी एकीकरणको महत्वाकांक्षी लक्ष्यसहित चुनावी तालमेलको घोषणा भएको छ, यसले गर्दा पनि देशको राजनीतिक वृत्तमा एउटा तुफान नै आएको छ। भनिन्छ, राजनीतिमा दिगो शत्रु र मित्रु हुँदैनन्। उक्त कुरालाई फेरि एकपटक चरितार्थ गरिदिए दश बर्से सशस्त्र युद्धको नेतृत्व गरेर शान्तिप्रक्रियामार्फत लोकतन्त्र र बहुदलीय प्रतिस्पर्धामा आएका एमाओवादी अध्यक्ष प्रचण्डले। राजनीति कसैले जोगी बन्नका लागि अवश्य गर्दैन। सत्तामा पुग्न खोज्नु र सत्ता सञ्चालनमार्फत जनताको सेवा गर्नु राजनीतिको मूल अभिष्ट नै हो।

> यस निर्वाचनले नेपालमा नयाँ संविधानको कार्यान्वयनलाई गति दिनुका साथै लोकतान्त्रिक प्रणालीलाई समेत थप सुदृढ र मजबुत बनाउनेछ भन्ने आशा गर्न सकिन्छ। केही अगाडि देशका प्रमुख वाम शक्तिहरु एमाले र एमाओवादीबीच पार्टी एकीकरणको महत्वाकांक्षी लक्ष्यसहित चुनावी तालमेलको घोषणा भएको छ, यसले गर्दा पनि देशको राजनीतिक वृत्तमा एउटा तुफान नै आएको छ। भनिन्छ, राजनीतिमा दिगो शत्रु र मित्रु हुँदैनन्।

२०६२/६३ को ऐतिहासिक जनआन्दोलनपछिको दश वर्षलाई राजनीतिक ऐनामा दृष्टिगोचर गर्ने हो भने यी दश वर्षका सर्वाधिक केन्द्रका पात्र कोही बनिरह्यो भने त्यो हो प्रचण्ड। पहिलो संविधानसभामा प्रचण्डले अपेक्षा नै गरेका थिएनन् होला माओवादीको त्यति धेरै सिट आउँछ र पहिलो पार्टी बनिन्छ भन्ने। तर, त्यो आयो। सतहको कुनै थुम्कोमा रहेका प्रचण्ड एकाएक आकाशिए। जीतको उन्माद र अहंकार उनी र उनको पार्टीभर व्याप्त रह्यो।

प्रचण्ड संघीय गणतन्त्र नेपालका पहिला प्रधानमन्त्रीमा निर्वाचित भए। सेनापति प्रकरणमा नौ महिनामै प्रधानमन्त्री पदबाट राजीनामा दिन पुगे। त्यसपछि माधवकुमार नेपाल, झलनाथ खनाल र बाबुराम भट्टराई क्रमशः प्रधानमन्त्री भए। तर विडम्बना, दुई वर्षमा जारी गर्नुपर्ने संविधान चार वर्षमा पनि जारी हुन नसकी पहिलो संविधानसभाको अवसान भयो। सेना समायोजन र हतियार व्यवस्थापनका शान्ति प्रक्रियाका अधुरा काम पूरा गर्ने चार वर्ष व्यतीत भयो।

जनप्रतिनिधिमार्फत संविधान निर्माण गर्ने सात सालदेखिको जनताको चाहनालाई पूरा गर्ने हेतुले संविधानसभाको दोस्रो निर्वाचन भयो। दोस्रो संविधानसभा निर्वाचनमा एमाओवादीले नराम्रोसँग हार बेहोर्न पुग्यो र तेस्रो दलमा खुम्चियो। स्वयम् प्रचण्डले काठमाडौं-१० बाट हारे। धन्न सिरहा-५ बाट झीनो मतले जितेका प्रचण्ड शुरुमा त परिणामलाई स्वीकार गर्न मानेनन्। कति छिटो सफलताको उचाइमा पुगेका प्रचण्ड र उनको पार्टी कति छिटो पराजयको रसातलमा भासिन पुग्यो पत्तै भएन।

नेपाली कांग्रेसका तत्कालीन सभापति सुशील कोइरालाको नेतृत्वमा एमालेलगायत दलहरुको समर्थनमा दुई तिहाइ बहुमतको सरकार बन्यो। एक वर्षमा संविधान दिने संकल्प थियो तर पूरा हुन सकेन। प्रचण्ड र उनको दल प्रतिपक्षमा बसेका थिए। संविधान निर्माणको सवालमा धेरै नै बहस र विवादहरु जारी थिए। संसदमा कुर्सी तोडातोड र माइक फोडाफोडसमेत भए। यही मेसोमा २०७२ वैशाख १२ गते ७.६ म्याग्निच्युडको शक्तिशाली भूकम्प गयो। हजारौंको ज्यान गयो, धेरै घाइते र अपांग भए। भौतिक संरचनाहरु ध्वस्त भए। देश भयावह विपत्तिमा पर्‍यो। विपत्तिले राजनीतिक दलहरुमा नयाँ चेतना दियो। देशका प्रमुख राजनीतिक शक्तिहरु नेपाली कांग्रेस, नेकपा एमाले र एमाओवादी संविधान निर्माणका लागि सहमति गर्नै पर्ने दबाबमा पुगे। र, अन्ततः सोह्रबुँदे सम्झौता भयो। उक्त सम्झौता हुनुमा प्रचण्डले समेत महत्वपूर्ण भूमिका निभाएका थिए।

त्यही सम्झौताको जगमा नयाँ संविधान आयो। नेपालको संवैधानिक इतिहासमा सातौं संविधानको रुपमा आएको यस संविधानलाई लचक संविधानको रुपमा हेर्न सकिन्छ। भौलोलिक अखण्डता, जनतामा निहित सार्वभौमसत्तालगायतका केही विषयबाहेक अरु सबै विषय संसदको दुई तिहाइ बहुमतले संविधान संशोधन हुन सक्ने लचिलो र बृहत् संविधान ८५ प्रतिशत सभासदहरुको समर्थनमा पारित र जारी भयो। संविधान घोषणाभन्दा अगाडिदेखि नै देशभित्रै रहेको तराई मधेस क्षेत्र अशान्त थियो। संविधानप्रति व्यापक विरोध त्यहाँ व्याप्त थियो। त्यही सेरोफेरोमा संविधान जारी भएलगत्तै छिमेकी भारतले नाकाबन्दी लगाइदियो। यता सत्ता राजनीतिमा कथित भद्र सहमतिअनुसार एमाले अध्यक्ष खड्ग ओली सजिलै प्रधानमन्त्री बनिन्छ भन्ने ध्याउन्नमा थिए। तर विडम्बना, नेपाली कांग्रेसले उनलाई प्रधानमन्त्रीमा साथ दिएन। त्यसपछि उनै प्रचण्डकै प्रस्तावमा ओली देशको नयाँ प्रधानमन्त्रीमा निर्वाचित भए।

नाकाबन्दी लागिरहेकै थियो। मधेस समस्याले देशलाई गाँजिरहेकै थियो। तीन महिनाभन्दा लामो समयसम्मको नाकाबन्दी जसरी लागेको थियो, त्यसरी नै खुल्यो पनि। उता सत्ता राजनीतिमा व्यापक उथलपुथल हुने परिस्थिति निर्माण भइरहेको थियो। आफैंले बनाएको ओली सरकारविरुद्ध उनै प्रचण्डले नौ महिनामै अविश्वासको प्रस्ताव दर्ता गरे। त्यसपछि उनी कांग्रेसको समर्थनमा दोस्रोपटक प्रधानमन्त्रीमा निर्वाचित पनि भए। गत वैशाखमा पहिलो चरणको स्थानीय तहको निर्वाचन गराएपछि कांग्रेस सभापति शेरबहादुर देउवालाई सत्ता सुम्पिए। देउवाको सरकारमा प्रमुख साझेदारको रुपमा रहेको एमाओवादी र अध्यक्षको नाताले प्रचण्ड एकाएक 'युटर्न' गरी प्रमुख प्रतिपक्षी एमालेसँग चुनावपछि पार्टी एकता नै गर्ने गरी ६० प्रतिशत एमालेलाई र ४० प्रतिशत एमाओवादीलाई दिने गरी अन्ततः चुनावी तालमेल गर्दै वाम गठबन्धन निर्माण गरेका छन्।

त्यो देखेर अत्तालिएको नेपाली कांग्रेसले लोकतान्त्रिक शक्तिहरुबीच चुनावी तालमेलको नीति अवलम्बन गर्‍यो। उसले राप्रपा, नयाँ शक्ति, राप्रपा प्रजातान्त्रिकलगायतका दलहरुसँग चुनावी प्रयोजनका लागि लोकतान्त्रिक गठबन्धन बनाएको छ। भगीरथ प्रयत्नका बाबजुद राजपा र संघीय समाजवादीसँग भने सिट विवादका कारण कांग्रेसको चुनावी तालमेल हुन सकेन। यसर्थ, आगामी प्रतिनिधि र प्रदेशसभाको निर्वाचन मूलतः वाम गठबन्धन र नेपाली कांग्रेस नेतृत्वको लोकतान्त्रिक कित्ताबीचको प्रतिष्ठाको लडाइँसमेत बन्न पुगेको देखिन्छ।

यतिखेर सबैलाई लागिरहेको छ, के एमाले र माओवादीबीच चुनावपछि साँच्चै पार्टी एकता होला ? वा कांग्रेसलाई तर्साउनका लागि मात्र यिनले वाम गठबन्धन बनाएका हुन् ? समाजवादमार्फत समृद्धि हासिल गर्ने दीर्घकालीन रणनीतिक लक्ष्य लिएर निर्माण गरिएको वाम गठबन्धनमा वर्तमान तात्कालिक राजनीतिक मामिलाबारे भने एकमत देखिँदैन। भर्खरै सार्वजनिक भएको गठबन्धनको घोषणापत्रमा शासकीय स्वरुपबारे प्रस्ट केही लेखिएको छैन। एमाओवादी प्रत्यक्ष निर्वाचित राष्ट्रपतिको पक्षपाती हो भने एमाले प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीको। संघीयताको सैद्धान्तिक सवालमा पनि यी दुई पार्टीको धारणा फरक छ। सोही कारण मधेस मामिलाबारे यी दुबै दलको धारणामा आकाश-पातालको फरक छ। एमाओवादी मधेसको सम्बोधन गर्न संविधान संशोधनको पक्षमा छ भने एमाले संविधान संशोधनको नामसमेत सुन्न चाहँदैन।

यस्ता तमाम प्रश्नहरु विद्यमान रहँदा वाम गठबन्धन तात्कालिक राजनीतिक स्वार्थको उपज हो कि भन्ने संशय आमजनमानसमा पाउन सकिन्छ। कतिले त प्रचण्डको अस्थिर राजनीतिक चरित्र र विगतमा देखिएको ओलीको कुत्सित अहंकारलाई जोडेर वाम गठबन्धनको भविष्यमाथि प्रश्न उठाउने गरेका छन्। ओलीलाई आगामी निर्वाचनपछि जसरी पनि प्रधानमन्त्री बन्नु छ भने प्रचण्डलाई राष्ट्रिय राजनीतिमा आफूलाई केन्द्रमै राखिरहनु छ। यी दुई व्यक्तिको स्वार्थ मिलेकै कारण वाम गठबन्धन निर्माण भएको हो भन्ने धेरैले अनुमान गरेका छन्।

तर, वाम गठबन्धन निर्माणको शुरुवातले देशलाई राजनीतिक, वैचारिक र व्यावहारिक हिसाबले नयाँ बहसमा उतारेको छ। धेरै पार्टीहरु हुँदा सत्ताको जोड-घटाउ घृणित हुने गरेको थियो। सरकार छिटो-छिटो फेरिने र देशको विकासले अपेक्षाकृत गति लिन सकेको थिएन। पार्टी नै पिच्छे नीतिहरु फरक-फरक हुन्थे। धेरै पार्टीहरुको चित्त बुझाएर बनाएको सरकारले अपेक्षाकृत काम गर्न सक्दैनथ्यो। संसद् फगत प्रधानमन्त्री चुनिरहने थलो मात्र बन्थ्यो, त्यहाँ देश विकासका मोडल र नीतिहरुबारे छलफलसमेत हुन पाउँदैनथ्यो। वाम गठबन्धन निर्माणले सार्थकता पायो भने देशको राजनीतिक भविष्यका लागि फलदायी नै साबित हुने देखिन्छ। देशलाई राजनीतिक गन्जागोल र पार्टीगत तथा व्यक्तिगत स्वार्थहरुको माखेसाङ्लोबाट माथि उठाई आर्थिक सम्मृद्धितर्फ अग्रसर गराउनेछ। यसर्थ, वाम गठबन्धन निर्माण नेपालको लोकतन्त्र र विकासको सन्निकट भविष्यको कोसेढुंगा हो। यसले लोकतन्त्रलाई अधिनायकवादतर्फ होइन, समाजवाद उन्मुख लोककल्याणकारी शासन व्यवस्थातर्फ आकृष्ट गराउनेछ।

## पाठक पत्र

### आचारसंहिता किन ?

निर्वाचन र आचारसंहिता एक-आपसमा जोडिएर आउने विषय हुन्। यति बेला प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनको माहोल तातिएको बेलामा आचारसंहिताको कुरा झनै जोडतोड्ले उठ्ने गरेको छ। आचारसंहिता निर्वाचन आयोगले तयार गर्दछ र सबैलाई पालना गर्नका लागि अनुरोध गर्दछ। आचारसंहिता पालना नगर्नेका लागि कारबाही गर्नेसम्मको हैसियत राख्छ आयोगले। आयोगले निर्वाचनका उम्मेदवारहरुका लागि मात्रै होइन, सामाजिक संस्था र व्यक्तिका लागि पनि आचारसंहिता जारी गरेको छ। उम्मेदवारले के गर्न हुन्छ, के गर्नुहुँदैन। प्रचारको शैली कस्तो अपनाउने, कति सवारीसाधन प्रयोग गर्ने, कुन-कुन ठाउँमा प्रचार गर्ने भन्नेसम्मको कुरा आचारसंहितामा उल्लेख गरिएको छ।

संघसंस्थाका लागि पनि आचारसंहिता रहेको छ। यस्तै सञ्चारमाध्यमहरुका लागि पनि आचारसंहिता बनाइएको छ। हरेक निर्वाचनमा आचारसंहिता बनाइन्छ र पालना गर्न भनिन्छ। यसपालि पनि निर्वाचन आयोगले विगतमा जस्तै गरी आचारसंहिता जारी गरेको छ। आयोगले निर्वाचनलाई निष्पक्ष, स्वतन्त्र र भयरहित बनाउनका लागि आचारसंहिता जारी गर्ने गरेको छ। आचारसंहिता निर्वाचनका लागि मात्रै चाहिने कुरा होइन, अन्य सन्दर्भमा पनि चाहिन्छ। व्यक्तिका लागि मात्रै होइन, कुनै निश्चित संस्थाका लागि मात्रै होइन, सबैका लागि चाहिन्छ। हरेक व्यक्तिले आफूलाई अनुशासनमा बाँध्नुपर्छ। हरेक संस्थाले आफ्नो संस्थाको मर्यादा कायम राख्नका लागि आचारसंहिता बनाएका हुन्छन्। कार्यालयको आफ्नै आचारसंहिता हुन्छ। दलको आफ्नै हुन्छ। संस्थाले पनि बनाएको हुन्छ।

नेपालमा आचारसंहिताको कुरा गर्दा, पत्रकारहरुले बनाएको आचारसंहितालाई उदाहरणीय रुपमा लिइन्छ। आचारसंहिता उल्लंघन गर्नेलाई कारबाही गर्ने, सचेत गराउने गरिँदै आएको छ। आचारसंहितालाई कडाइका साथ पालना गराउनका लागि संयन्त्र पनि रहेको हुन्छ। कताकति उल्लंघन भएको पनि सुन्न र देख्न पाइन्छ। आचारसंहिता पालना गर्नका लागि अनुरोध गर्ने, सचेत बनाउने र पालना नगरेमा कारबाही गर्ने आमचलन रहेको छ। यति बेला निर्वाचनको चर्चा चलिरहेको छ। निर्वाचनका लागि आचारसंहिता बनाइएको छ। यो आचारसंहितालाई पालना गर्नु र गराउनु सम्बन्धित निकायको दायित्व हो।

नेपालमा यति बेला प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन हुँदै छ। प्रतिनिधिसभाको निर्वाचन त पहिला पनि हुन्थ्यो तर प्रदेशसभाको निर्वाचन पहिलोपटक भइरहेको छ। पहिलोपटक भइरहेको निर्वाचनमा सबैको ध्यान गइरहेको छ। संविधानलाई कार्यान्वयन गराउने सवालमा यति बेला भइरहेको निर्वाचनको बेग्लै महत्व रहेको छ। निर्वाचनलाई निष्पक्ष बनाउने, स्वतन्त्र बनाउने, भयरहित बनाउने सवालमा आचारसंहिताले पक्कै पनि भूमिका खेल्नेछ।

आचारसंहिताको कुरा गरिरहँदा आचारसंहिता उल्लंघन गरेका समाचारहरु पनि आउने गरेका छन्। यहाँ निर्वाचन आयोगले आचारसंहितालाई पालना गराउने सवालमा खास भूमिका खेलेको पाइँदैन। निर्वाचन आयोगले भन्दाभन्दै पनि मन्त्रिपरिषद् विस्तार गरियो। निर्वाचनलाई प्रभावित गर्ने गरेर सरुवा, बढुवा भइरहेका छन्। निर्वाचनमा राजनीतिक दलले भड्किलो खालको प्रचार गरेको पनि देखिन्छ। निर्वाचनमा पैसाको अत्यधिक प्रयोग भएको पनि देखिएको छ। निर्वाचनमा यस्तो खालको प्रचार शैलीले निर्वाचनलाई भद्दा मात्रै होइन, अविश्वसनीय बनाउँदै लगेको छ। निर्वाचन मर्यादामा रहेर गराउनुपर्छ। निर्वाचनलाई पाच्य बनाउनुपर्छ। निर्वाचनमा देखिएका विकृति, विसंगति रोक्नका लागि बलियो संयन्त्र बनाउनुपर्छ। यसो हुनसक्यो भने मात्रै निर्वाचन आयोगप्रतिको विश्वास बढेर जान्छ। शक्तिमा हुनेले जे गरे पनि हुन्छ भन्ने जुन भ्रम रहेको छ, यो तोड्ने मौका पनि निर्वाचन आयोगको सामु आएको छ। यो कुरामा आयोगलाई सफलता मिलोस्। साथै आचारसंहितालाई कडाइका साथ पालना गराउने कुरामा सहयोग दिने र सहयोग लिने वातावरण बनाउनेतर्फ कदम बढोस्।

*– सोफिया खान, महोत्तरी*

### चुनावको विरोध केका लागि ?

जतिसुकै लोकतन्त्र स्थापना भएको मुलुक भनिए पनि राजाले चलाउने जस्तो शासन अहिले पनि देखिएको छ। लोकतन्त्र स्थापना भएको १० वर्ष बितिसक्दा पनि नेपालको राजनीतिक स्थिति यथास्थानमा रहेको छ। संविधान आए पनि नेपाली जनता शान्तसँग खान र बस्न पाएका छैनन्। दिन- प्रतिदिन एकपछि अर्को घटनाका कारण नेपाली जनता पीडित हुँदै आएका छन्। स्थानीय तहको निर्वाचन सम्पन्न भएर अहिले मुलुक प्रदेशसभा र प्रतिनिधिसभाको निर्वाचनतर्फ लम्किँदै छ। निर्वाचन नजिकिँदै गर्दा निर्वाचन विरोधी शक्तिहरुबाट भएका बम विस्फोटका घटनाले नागरिकलाई त्रसित बनाएको छ। गाउँ-गाउँमा प्रमुख दलका नेता तथा कार्यकर्तालाई लक्षित गरी बम विस्फोट आखिर केका लागि ? निर्वाचन सम्पन्न गरेर नयाँ संविधान कार्यान्वयन गर्नेतर्फ नलागेर निर्वाचन बिथोल्नको लागि यस्ता अप्रिय घटनाहरु किन घटिरहेका छन् ?

के यो सब नेपालमै रहेका नेता तथा कार्यकर्ताले गर्दा हो ? देश र जनताको हितमा नसोच्ने नेताहरुलाई अर्को स्थानीय, प्रदेश, केन्द्रको निर्वाचनबाट जनताले हिसाबकिताब लिनेछन्। तीन करोड नेपाली जनताले नेताहरुसँग चार वर्षको हिसाबकिताब अर्को निर्वाचनबाट लिनेछन्। नेताहरुलाई सद्बुद्धि पलाओस् भन्ने नेपाली जनताको चाहना छ। पञ्चायत र राणाकालीन प्रवृत्ति र चरित्रका भडवाहरुलाई तह नलगाएसम्म लोकतन्त्र फस्टाउन सक्दैन। त्यसका लागि लोकतन्त्रवादी व्यक्तिहरु एक हुनुपर्छ।

*– मनिषा रेग्मी, म्यादी*

### कति तर्साउँछौ ?

केही दिनअगाडि मात्रै सर्वोच्च अदालतभित्र बम राखिएको हल्लाका कारण सबैलाई त्रसित बनाएको छ। बम आतंकका कारण सबै इजलास स्थगित गरेर कर्मचारीहरुको भागाभाग भएको समाचार पनि पढ्न र सुन्न पाइएको छ। प्रहरीले बम नभएको दाबी गरे पनि यो कार्य तर्साउनकै लागि गरिएको हो भन्ने सबैले बुझेका छन्।

अदालतका कर्मचारीलाई दिउँसोको समयमा नचिनेको नम्बरबाट बम राखेकाले सतर्क रहनु भन्दै फोन आएकाले कर्मचारीहरु हत्तपत्त भागेको खबर सुन्नुमा आएको छ। मुलुक निर्वाचनमा होमिएकै बेलामा यस्ता बम विस्फोटका घटना धेरै नै सुन्नुमा आएका छन्। आखिर कसले गर्‍यो त यस्तो कार्य ? कत्रो आँट कत्रो हिम्मत ?

सर्वोच्च अदालतजस्तो सुरक्षित र कडा सुरक्षाका बीचमा यस्तो खबर आखिर कसले सुनायो ? सर्वोच्च अदालतका उच्च पदमा बसेका प्रवक्ताको कानमा बम राखिएको खबर सुनाइएको थियो तर यो कसले गरेको थियो, कहाँबाट गरिएको थियो भन्नेतिर कसैको पनि ध्यान नगएको पनि पाइएको छ। यतातिर पनि सुरक्षा निकायको ध्यान जाओस्। यस्ता हल्ला फिँजाउने जो जहाँ भए पनि करबाही होस्।

*– कमल खाँड, काठमाडौँ*

## सामाजिक सञ्जाल



आत्मविश्वास नभएपछि मान्छेहरु अरुभन्दा अलग देखिएर ध्यान तान्न खोज्दा गलत काम गर्न र गलत ठाउँमा उभिन, उत्ताउलो, उटपट्याङ गर्न तयार हुँदा रहेछन्।

**Rabindra Adhikari**
**@RabindraADH**



धनी दमाईलाई होइन, गरिब बाहुनलाई छात्रवृत्ति दिइनुपर्छ, अशिक्षित बाहुन होइन, शिक्षित परियार मन्त्री हुन पाउनुपर्छ।

**युनिक आचार्य छब्बु**
**@Acharyaxabbu800**



जिन्दगी एक रंगमञ्च हो
यहाँ मान्छेहरूको आउने
जाने क्रम चलिरहन्छ।
कोही धेरै बेर बस्लान्
कोही छिट्टै फर्कलान्
तर नाटक चलिरहन्छ।

**Urmila sedai**
**@sedai_urmila**

सरकारले आकाशेपानी संकलनको नीति ल्याए पनि लगातार जमिनमुनिको पानी निकाले जमिन भासिने र पानीको तहसमेत घट्ने भन्दै सरकारले यो योजना लागू गर्न खोजे पनि सफल हुन सकेको छैन।



# नेपाल



आफ्नो दैनिक जीविकोपार्जनका लागि रत्नपार्कमा गीत गाउँदै एक दृष्टिविहीन।
*तस्विरः- किरण निहसुत/काठमाडौं*

## भूकम्पपीडितको बस्तीमा खानेपानी

पुष्कर बुढाथोकी, भक्तपुर

भक्तपुर नगरपालिका ८ च्यामासिंहस्थित लिवालीमा सम्पन्न भएको आकाशेपानी संकलन प्रणालीको उद्घाटन गरिएको छ। भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले लिवाली गणेश भूकम्पपीडित पुनःस्थापना केन्द्रको बस्तीका लागि निर्माण गरेको उक्त प्रणालीको उद्घाटन गर्नुभयो।

गुठी नामक संस्थाको रु. १७ लाख ४ हजार ३७० आर्थिक सहयोग, ८ लाखबराबरको स्थानीय जनश्रमदान र काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डको ७ लाख ५० हजारको सहयोगमा उक्त प्रणाली निर्माण सम्पन्न भएको गुठीका संयोजक प्रकाश अमात्यले बताउनुभयो।

आकाशे पानी संकलन गरेर १ लाख लिटरको ट्याङ्की निर्माण गरेर खानेपानी बोर्डले स्थापना गरिदिएको फिल्टर प्लान्टमार्फत् पानीलाई शुद्धीकरण गरेर पानी पिउन योग्य बनाएर वितरण गर्ने गरी व्यवस्थापन गरिएको बोर्डका निर्देशक राजिव जोशीले जानकारी दिनुभयो। भूकम्पपीडित बस्तीका ३० वटा टहराको छानोबाट आउने आकाशे पानीलाई संकलन गरेर ट्याङ्कीमा पानी जम्मा गर्ने र पानी नपर्ने मौसममा बस्तीमा रहेको इनारको पानी तानेर ट्याङ्कीमा जम्मा गरेर बस्तीमा दैनिक पानी वितरण गर्ने व्यवस्था गरिएको भूकम्पपीडित पुनःस्थापना केन्द्रका अध्यक्ष नारायणप्रसाद खाईतुले बताउनुभयो।

बस्तीमा ३ वटा धारा स्थापना गरिएको छ। पानी वितरण भूकम्पपीडितको ६० घर परिवार र स्थानीय ९० घरपरिवार गरी १५० घरपरिवार लाभान्वित हुने भएका छन्। भक्तपुरमै पहिलोपटक आकाशेपानी संकलन केन्द्र निर्माण गरी समुदायमा खानेपानीको व्यवस्था गरिएको हो।

केन्द्रको उद्घाटनपछि यस क्षेत्रका घरमा खानेपानी वितरण पनि शुरु भएको छ। खानेपानीको चरम अभाव रहेको लिवालीमा अब खानेपानीको समस्या केही हद्सम्म समाधान हुने आशा स्थानीयले लिएका छन्। काठमाडौं महानगरपालिकाले आकाशेपानी संकलन प्रवर्द्धन गर्न नक्सा पास गर्दा वार्षिक करमा छुट दिने निर्णयसमेत गरेको छ। यस्तो नीति ललितपुर महानगरपालिका र उपत्यकाका अधिकांश नगरपालिकाले अवलम्वन गरेपनि कार्यान्वयन हुन सकेको छैन।

उपत्यकाभित्रका काठमाडौं, ललितपुर र भक्तपुर जिल्लाका नयाँ नगरपालिकामा आकाशेपानी संकलन कार्यलाई कार्यान्वयनमा ल्याउन एकदमै चुनौती रहेको भक्तपुर नगरपालिकाका प्रमुख प्रजापतिले बतउनुभयो। नगरपालिका क्षेत्रमा आकाशेपानी संकलनमा देखिएको चुनौती पहिल्याइ आगामी दिनमा यसलाई सहज गर्ने वातावरण मिलाउने प्रयास भइरहेको उहाँले जानकारी दिनुभयो।

आकाशेपानी संकलन गर्न सके ८० प्रतिशत पानीको जोहो हुने नेपाल रेनवाटर हार्भेस्टिङ एलाइन्समा समेत कार्यरत अमात्यले बताउनुभयो। यसका लागि कौसी वा छाना सफा राखे पुग्ने र जडानका लागि खासै खर्च नहुने पनि अमात्यले जानकारी दिनुभयो। आकाशबाट पानी परेपछि करिब १५ मिनेट ट्याङ्कीबाहिर फाल्ने र त्यसपछि भित्र हाले शुद्ध हुने उहाँको भनाइ छ। सरकारले आकाशेपानी संकलनको नीति ल्याए पनि लगातार जमिनमुनिको पानी निकाले जमिन भासिने र पानीको तहसमेत घट्ने भन्दै सरकारले यो योजना लागू गर्न खोजे पनि सफल हुन सकेको छैन।

## अन्तर विद्यालय बालचित्रकला

काठमाडौं, (नेस)

अन्तर्राष्ट्रिय बालदिवशको अवसरमा फोकस एड नेपालको आयोजनामा उपत्यकाव्यापी अन्तर विद्यालय बालचित्रकला प्रतियोगिता सम्पन्न भयो। उक्त प्रतियोगितामा उपत्यकाका २२ वटा विद्यालयका ६९ जना विद्यार्थीहरूको सहभागिता भएको थियो। कार्यक्रम काठमाडौं महानगरपालिका प्रमुख विद्या सुन्दर शाक्यको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो।

उक्त प्रतियोगितामा प्रथम मनिष चौधरी (विभूति विद्या मन्दिर), दोस्रो इन्दिरा रोक्का (नेपाल युवक मा वि.), तेस्रो अमन आले (अन्नपूर्ण इंलिस स्कुल र सान्त्वनामा यान्सिला लामा (सोभा भगवती इंलिस स्कुल) र अभिग्य श्रेष्ठ (नागरर्जुना भ्याली एकेडेमी) हुनुभएको थियो। फोकस एड नेपालका अध्यक्ष नरेश मल्लको सभापतित्वमा सम्पन्न उक्त प्रतियोगितामा विपद् पछिको पुनर्निर्माणमा बालबालिका विषयमा प्रथम श्रेया महर्जन (जेनिथ इंलिस स्कुल ), सुष्मा पौडेल (सोभा भगवती इंलिस स्कुल) दोस्रो, रश्मी थिङ (अन्नपूर्ण उच्च मावि) तेस्रो र सान्त्वनामा सविता आले मगर (विभूति विद्या मन्दिर), र निश्चल बोगटी (स्नो एपेक्स एकेडेमी) हुनुभएको थियो।



## प्रधानमन्त्री देउवाद्वारा निधिको स्वास्थ्य अवस्थाबारे जानकारी

काठमाडौं, (नेस)

प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले राजधानीको ओम अस्पतालमा उपचार गराइरहनुभएका नेपाली कांग्रेस नेता तथा पूर्वउपप्रधान एवं गृहमन्त्री विमलेन्द्र निधिलाई भेटेर उहाँको स्वास्थ्य अवस्थाबारे जानकारी लिनुभएको छ।

बुधबार बिहान अस्पताल पुग्नुभएका प्रधानमन्त्री देउवाले नेता निधिको शीघ्र स्वास्थ्य लाभको कामना गर्नुभएको थियो। कांग्रेस महामन्त्री डा. सशांक कोइरालाले पनि नेता निधिलाई भेटेर स्वास्थ्य अवस्थाबारे जानकारी लिनुभएको थियो। कांग्रेस नेता निधिलाई पेटरोग विशेषज्ञ डा. राहुल पाठक र छाती रोग विशेषज्ञ डा. सुबोधसागर ढकालगायतको टोलीले हेरिरहेको छ। चिकित्सकहरूले उहाँलाई केही दिन आराम गर्नुपर्ने बताएका छन्। धनुषा ३ बाट प्रतिनिधिसभा निर्वाचनको प्रत्यक्षतर्फका उम्मेदवार कांग्रेस नेता निधि कात्तिक १६ गतेको मनोनयन दर्तापछि चुनावी अभियानको क्रममा गृहजिल्ला धनुषामा बस्दै आउनुभएको थियो। त्यस क्रममा धुलोधुवाँका कारण केही असहज भएपछि उहाँ गत सोमबार राजधानी आउनुभएको हो।



## 'हाम्रा सम्पदा' पुस्तक लोकार्पण

नेपाल समाचारपत्र
ललितपुर




ललितपुर महानगरपालिका साविकका ४ वटा वडाका १ सय १ सम्पदाहरूको विवरण समेटिएको 'हाम्रा सम्पदा नामक' पुस्तक प्रकाशन गरिएको छ।

सो पुस्तक अध्येयता लोकरत्न शाक्यले अन्वेषण र सम्पादन गर्नुभएको हो। पुस्तकमा साविकका १६, १८, २० र २२ का सम्पदाहरूको ऐतिहासिक, धार्मिक र सांस्कृतिक महत्त्व र हालको अवस्था बारे संक्षेपमा समेटिएको छ। पुस्तकमा सम्पदाको तस्वीरसहित स्थलगत अध्ययन विवरण पनि समावेश गरिएको छ। पुस्तक २ सय ९ पृष्ठको रहेको छ।

ललितपुर महानगरपालिकाको सहयोगमा महिला विश्व अन्तरधार्मिक राष्ट्रिय सञ्जाल नेपाल र समाज विकास तथा अनुसन्धान केन्द्रले सो पुस्तक प्रकाशन गरेको हो। ललितपुर महानगरपालिका गरिबीउन्मुख शहरी पुनरोत्थान नमूना परियोजनाअन्तर्गत आधुनिक प्रविधिको माध्यमद्वारा सम्पदाको संरक्षण र प्रवर्द्धन परियोजनाअन्तर्गत सो पुस्तक प्रकाशन गरिएको कार्यक्रम व्यवस्थापक यामबहादुर रोकाले जानकारी दिनुभयो। सो पुस्तकको एक समारोहकाबीच लोकापर्ण गर्दै महानगरपालिकाका प्रमुख चिरिबाबु महर्जनले पुस्तकले संस्कृति सम्पदाप्रति रुचि राख्ने र अनुसन्धान गर्न चाहने, विद्यार्थी, सर्वसाधारण, स्वदेशी र विदेशी पर्यटकहरूका लागि महत्त्वपूर्ण हुने बताउँदै यसले मूर्त, अर्मूत संस्कृति संरक्षणमा टेवा पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो।

## महासचिव सियाल-उपराष्ट्रपति पुन भेटवार्ता

काठमाडौं, (नेस)

दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) का महासचिव अम्जाद हुसियान वी सियालले उप-राष्ट्रपति नन्दबहादुर पुनसँग भेटवार्ता गर्नुभएको छ। उहाँहरूबीच सार्कका पछिल्ला गतिविधिबारे चर्चा भएको बताइएको छ।

सोही अवसरमा महासचिव सियालले सार्क स्थापना दिवसका अवसरमा आयोजना हुने विशेष कार्यक्रममा सहभागी हुन उपराष्ट्रपति पुनलाई निमन्त्रणापत्र हस्तान्तरण गर्नुभयो। सार्क बडापत्र जारी भएको दिन आगामी डिसेम्बर ८ तारिखका दिन सार्क स्थापना दिवस मनाइने गरिन्छ। यसपटक सार्कको ३३औं स्थापना दिवस मनाइँदै छ।

सिनेमा कर्नर










अग्नि यातायात प्रा. लि.
दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-४२८५६३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )

माउन्ट मकालु यातायात सेवा
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ४२७७५५२, ४२७९६१३

### आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : राज्यबाट लाभ, यश-कृति, सुख, कार्यसिद्धि, मन प्रफुल्लित।
**वृष** : स्वास्थ्य समस्या तर दिउँसोबाट मान-प्रतिष्ठा, सरकारी कार्य सफल।
**मिथुन** : पूर्वाद्धमा धनलाभ, मध्याह्नबाट स्वास्थ्य गडबड, काममा बाधा।
**कर्कट** : आर्थिक लाभ, विजय, पारिवारिक सुख, समस्या समाधान।
**सिंह** : कार्य सफल, धनलाभ, परीक्षा, खेलकुद आदिमा विजय।
**कन्या** : शुरुमा स्वास्थ्य समस्या तर मध्याह्नबाट स्वस्थता, कार्य सफल।
**तुला** : पूर्वाह्न लाभ-पराक्रम तर दिउँसोबाट विवाद, दिनचर्या अस्तव्यस्त।
**वृश्चिक** : धनलाभ, मान-सम्मान, पढाइ, जागिर, व्यापार आदिमा सफलता।
**धनु** : खाद्यान्न प्राप्ति, भाग्योदय, कार्य सफल, सुख-सन्तोष।
**मकर** : मध्याह्नसम्म तनाव तर त्यसपछि उपहारादि वस्तु प्राप्ति।
**कुम्भ** : उत्तम भोजन, आर्थिक लाभ तर दिउँसोबाट चोटपटकको भय, विवाद।
**मीन** : सुख-सन्तोष, पैसा प्राप्ति, मिष्ठान्न भोजन, पारिवारिक सुख।

2017, NOV Thursday 23

# नेपाल

जिल्ला प्रशासन कार्यालय ताप्लेजुङको तथ्यांकमा दर्ता भएका हतियारको संख्या ३ सय ६७ थान रहेको छ भने जसमा बाइसबोरे २० थान, बाह्रबोरे १ सय १७ थान, भरुवा बन्दुक २ सय २८ थान र हावादारी २ थान रहेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ।

## बजारमा मात्रै नमुना मतदान

डोटी, (नेस)

डोटी जिल्ला निर्वाचन कार्यालयले सञ्चालन गरेको नमुना मतदान कार्यक्रम बजार र सडक आसपासमै सीमित बनेको छ। गाउँस्तरमा बसोबास गर्ने सर्वसाधारणलाई लक्षित गरेर कार्यक्रम सञ्चालन गर्न आवश्यक भए पनि निर्वाचन कार्यालयले बजार क्षेत्र र सडक सञ्जाल जोडिएका क्षेत्रमा मात्र सीमित बनाएको स्थानीयको आरोप छ। निर्वाचन कार्यालयले कात्तिक २७ गतेदेखि नमुना मतदान कार्यक्रम सञ्चालन गरेको थियो।

कार्यालयले सञ्चालन गरेका तीनवटै क्षेत्र बजार रहेको र सडक सञ्जालले जोडिएका छन्। जिल्लामा रहेका १ सय ५५ मतदान स्थलमा एक सय जना मतदाता शिक्षा सहजकर्ता फिल्डस्तरमा खटाइएको छ। उनीहरूले गाउँमा पुगेर मतदातालाई मतदान गर्ने तरिका सिकाउने जिम्मेवारी पाए पनि सबै ठाउँमा नपुगेको जोरायल गाउपालिका-५ का स्थानीय गोपाल विष्टले बताउनुभयो। जिल्लामा कुल जनसंख्याको ८८ प्रतिशत जनसंख्या गाउँमा बसोबास गर्छन्। मतदाता शिक्षा सहजकर्ता आफू अनुकूल स्थान मात्र जाने गरेको स्थानीयको आरोप छ।

जिल्ला निर्वाचन कार्यालय डोटीले यातायात पुगेको र बजार क्षेत्रमा कार्यक्रम सञ्चालन गर्ने गरेको स्थानीय कर्ण भण्डारीले बताउनुभयो। जिल्ला निर्वाचन कार्यालयले दीपायल, पिपल्ला, राजपुर र कुमालीकोटमा नमुना मतदान कार्यक्रम सञ्चालन गरेको छ। दुई वटा नगरपालिकासहित जिल्लाका सबैजसो गाउँपालिका क्षेत्रलाई लक्षित गरेर कार्यक्रम सञ्चालन गरिएको जिल्ला निर्वाचन कार्यालय डोटीका प्रमुख नन्दिप्रसाद ओझाले बताउनुभयो।

## फेरि वाम गठबन्धमा फर्किए दर्लामी

विमल विष्ट, डोटी

नेपाली कांग्रेसका नेता कृष्ण दर्लामी वाम गठबन्धनमा फर्किएका छन्। एमाले पृष्ठभूमिका नेता दर्लामी संघीय समाजवादीको जिल्ला अध्यक्ष हुँदै नेपाली कांग्रेसमा प्रवेश गरेका थिए। उनी माओवादी केन्द्रसँगको वाम गठबन्धनमा प्रवेश गरेका हुन्। डोटीको दीपायलमा वाम गठबन्धनले आयोजना गरेको पत्रकार सम्मेलनमा उहाँ गठबन्धनमा प्रवेश गर्नुभएको हो। नेपाली कांग्रेस डोटीबाट समानुपातिक उम्मेदवारका आकांक्षी कृष्ण दर्लामी र राष्ट्रिय जनमोर्चा निकट अखिल छैटौंका केन्द्रीय सदस्य डम्मर ऐर वाम गठबन्धनमा प्रवेश गरेका छन्।




नेताद्वयका साथमा करिब ३ सयभन्दा बढी वाम गठबन्धनमा प्रवेश गरेको वाम गठबन्धनले जानकारी दिएको छ। दीपायलमा आयोजित पत्रकार सम्मेलनमा बोल्दै नेता दर्लामीले भावुक हुँदै भन्नुभयो- 'नेपाली कांग्रेसले जनजातिका भावना समेट्न सकेन, यस कारण कांग्रेस छोड्न बाध्य भएँ, हामी लोकतान्त्रिक शक्ति हौं, जनजातिका मुद्दा समेट्छौं भने, अन्तमा हामी जनजातिलाई हेर्ने नजर फरक पाएँ।'

उनी स्थानीय तहको निर्वाचनमा नेपाली कांग्रेसका सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवाबाट टीका लगाई कांग्रेस प्रवेश गरेका थिए। अन्ततः वाम शक्तिहरू एकठाउँमा उभिएकाले आफू वाम गठबन्धनमा प्रवेश गरेको दर्लामीले बताउनुभयो।

त्यस्तै आफू कक्षा ६ पढ्दै गर्दा अखिल छैटौंको राजनीति शुरू गरेको स्मरण गर्दै अखिल छैटौंबाट वाम गठबन्धनमा प्रवेश गरेको विद्यार्थी नेता ऐरले बताउनुभयो। उहाँले भन्नुभयो -'म सानै उमेरदेखि जनमोर्चाको समर्थक थिएँ। प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि वाम गठबन्धको कुरा उठ्दा जनमोर्चाभित्र हामीले पनि गठबन्धनमा सहभागी हुन दबाब दियौं।

तर, जनमोर्चाभित्र यो सम्भावना नदेखेपछि आफू वाम गठबन्धनलाई जिताउनका लागि गठबन्धनमा प्रवेश गरेको हुँ।' वाम गठबन्धन प्रवेश गरेका कृष्ण दर्लामी, डम्मर ऐरले वाम गठबन्धनलाई विजयी गराउन आफूहरू कटिबद्ध भएर लाग्ने प्रतिबद्धता जनाउनुभएको छ। उहाँहरूलाई वाम गठबन्धनका डोटी निर्वाचन क्षेत्र 'ख' का प्रदेशसभा उम्मेदवार एवं नेकपा माओवादी केन्द्रका पोलिटब्युरो सदस्य त्रिलोचन भट्ट, एमालेका समानुपातिक उम्मेदवार पूर्णा जोशी, माओवादी केन्द्रका समानुपातिक उम्मेदवार शिवसिं ओलीलगायतले अबिर फूलमालाले स्वागत गरेका थिए।

## निर्वाचनविरोधी गतिविधिमा लागेको आरोपमा पत्रकार गिरफ्तार

कालिबहादुर मल्ल, कालिकोट

नरहरिनाथ गाउँपालिका-८ निवासी नेपाल पत्रकार महासंघ जिल्ला शाखा कालिकोटका सदस्य २९ वर्षीय जगदीशनाथ योगीलाई निर्वाचनविरोधी गतिविधिमा संलग्न रहेको आरोपमा प्रहरीले समोबार साँझ गिरफ्तार गरेको छ।

कालिकोटबाट प्रकाशन हुने जनप्रभात साप्ताहिकका सहसम्पादकसमेत रहेका योगीलाई नेपाल कम्युनिस्ट पार्टीका कार्यकर्ता गिरफ्तार भएको घटनाको विरोध गर्दै जारी गरेको प्रेस विज्ञप्ति सामाजिक सञ्जाल फेसबुकमा शेयर गरेको आरोपमा गिरफ्तार गरिएको हो।

चुनावविरोधी गतिवधिमा संलग्न व्यक्तिको पोस्टलाई शेयर, लाइक गर्ने जो-कोहीलाई पनि गिरफ्तार गर्ने जिल्ला प्रहरी कार्यालय कालिकोटका डीएसपी सुवासचन्द्र बोहोराले बताए। उनका अनुसार गिरफ्तार गरिएका दुवै जनालाई सार्वजनिक मुद्दा लगाइएको छ। पत्रकारलाई गैरकानुनीरूपमा गिरफ्तार गरेको भन्दै नेपाल पत्रकार महासंघ जिल्ला शाखा कालिकोटको टोलीले मंसिर ५ गते प्रमुख जिल्ला अधिकारी र प्रहरी प्रमुख (डीएसपी) को ध्यानाकर्षण गराएको छ।

यसैबीच प्रतिनिधिसभा तथा प्रदेशसभाका उम्मेदवारको घरमा नेपाल कम्युनिस्ट पार्टीका कार्यकर्ताले मंसिर ४ गते कालो झण्डा गाडेका छन्। वाम गठबन्धनका तर्फबाट प्रतिनिधिसभा सदस्य उम्मेदवार दुर्गाबहादुर रावत, प्रदेशसभा उम्मेदवार कर्मराज शाही र महेन्द्रबहादुर शाहीको घरमा कालो झण्डा गाडेको पीडित पक्षले जनाएको छ।

यसै गरी कांग्रेस नेतृत्वको लोकतान्त्रिक गठबन्धनका उम्मेदवार भूपेन्द्रजंग शाही, प्रदेशसभाका उम्मेदवार कालिबहादुर सहकारी र टेकराज शाहीको घरमा पनि कालो झण्डा राखेको स्थानीयबासीले बताएका छन्।

## सल्यानमा उच्च सतर्कता

सल्यान, (नेस)

आसन्न प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचन नजिकिँदै गर्दा देशभर बम विस्फोट हुन थालेपछि सल्यानमा उच्च सतर्कता अपनाइएको छ। उम्मेदवार लक्षित तथा सार्वजनिक स्थानमा बम विस्फोट हुन थालेपछि सल्यानमा उच्च सतर्कता अपनाइएको जिल्ला प्रहरी कार्यालय सल्यानले जनाएको छ।

विभिन्न स्थानमा अज्ञात समूहद्वारा बम विस्फोट गराउन थालेपछि सुरक्षा व्यवस्था कडा पारिएको प्रहरी प्रमुख भरतबहादुर विकले जानकारी दिनुभयो। जिल्लाका तीन स्थान थारमारे, सल्लीजार र कपुरकोटमा २४सै घण्टा चेकिङका साथै शंकास्पद व्यक्तिको खानतलासीदेखि लिएर सोधपोज गर्दै आइरहेको विकले बताउनुभयो। उहाँले भन्नुभयो- 'जिल्लाका मुख्य तीन नाकामा हामीले २४सै घण्टा सुरक्षा व्यवस्था कडा पारेका छौं। व्यक्तिगत खानतलासीदेखि लिएर गाडीमा समेत कडाइका साथ चेकजाँच गरिरहेका छौं।'

निर्वाचनलाई विथोल्ने कुनै पनि घटनालाई निरुत्साहित गरिने बताउँदै उहाँले जिल्लाका विभिन्न स्थानमा चेकिङ, पेटोल गस्ती भइरहेको उहाँको भनाइ रहेको छ। होटल सञ्चालकहरूलाई पनि ग्राहकको पूरा ठेगाना टिपेर मात्र बास बस्न दिन आग्रह गर्नुभएको छ। निर्वाचनविरोधीहरू होटलको सहारा लिएर बसेको हुनसक्ने भन्दै होटलहरूमा समेत चेकिङ बढाइएको विकले बताउनुभयो।


## वर्गीकृत डिस्प्ले



बोरिङ्ग इनारको रातो पहेलो पानीलाई शुद्ध र सफा गरिन्छ।
जलपादेवी वाटर सोलुशन
फोन नं:- ९८५१०६९३९२, ९८५१०२१०३८

**जग्गा विक्रीमा**
का.म.पा १९ कंकेश्वरी मन्दिरसँगै, डल्लु पुलबाट टेकु जाने लिंकरोडमा जोडिएको स्कुल, कलेज, अस्पताल, व्यापारिक मल, हलको लागि अति उपयोगी ५ रोपनी जग्गा विक्रिमा छ।
सम्पर्क नं.:- ९८४१३१४७८१

**वर्गीकृत डिस्प्ले**
आइतबार, मंगलबार, बिहीबार र शुक्रबार
रू. १००० ।-
मूअकबाहेक
विस्तृत जानकारीका लागि
कामना न्युज पब्लिकेशन प्रा.लि. भीमसेनस्थान
फोन : ४२१९९८४, ४२१९०२६, ४२१९६२२, ४२१९४४५


## तीन सय बढी हतियार दर्ता, ४७ थान मात्र बुझाइयो

नेपाल समाचारपत्र

ताप्लेजुङ

ताप्लेजुङमा ३ सय बढी हतियार दर्ता भए पनि ४७ थान मात्र हतियार प्रहरी समक्ष बुझाइएको छ।

मंसिर १० गते हुने प्रतिनिधि र प्रदेशसभाको चुनावलाई लक्षित गरी जिल्ला सुरक्षा समितिले इजाजत प्राप्त हतियार पनि बुझाउन आग्रह गर्दा ४७ थान मात्र हतियार बुझाएको प्रहरीले बताएको छ। जुन संख्या स्थानीय तहको निर्वाचनको समयमाभन्दा ५ वटाले बढी हो।

स्थानीय तहको निर्वाचनको समयमा ४२ थान बुझाएकोमा अहिले ५ वटा थप भएको जिल्ला प्रहरी कार्यालय ताप्लेजुङका सूचना अधिकारी प्रहरी निरीक्षक होमनाथ दाहालले जानकारी दिनुभयो।

'स्थानीय तहको निर्वाचनको समयमा बुझाउने सबैले पुनः बुझाए भने बाँकी ५ वटा मात्र थपिएका छन्। अधिकांश इजाजत लिएकाहरूले द्वन्द्वको समयमा लुटेर लगे भन्ने गरेका छन्', दाहालले भन्नुभयो- 'त्यही भएर पनि हुनसक्छ थोरै मात्र हतियार बुझाइएको।'

जिल्ला प्रशासन कार्यालय ताप्लेजुङको तथ्यांकमा भने दर्ता भएका हतियारको संख्या ३ सय ६७ थान रहेको छ। जसमा बाइसबोरे २० थान, बाह्रबोरे १ सय १७ थान, भरुवा बन्दुक २ सय २८ थान र हावादारी २ थान रहेको जिल्ला प्रशासन कार्यालयका सूचना अधिकारी भगिमान मादेनले जानकारी दिनुभयो।

'अहिले इजाजत दिइँदैन यो तथ्यांक पहिलेदेखिकै हो', अधिकारी मादेनले भन्नुभयो- 'अधिकांश हतियार ताप्लेजुङबाट नवीकरण पनि भएको छैन।' जिल्लामा दर्ता भए पनि भरुवा बन्दुकबाहेकका हतियार देशभर नवीकरण गर्न मिल्ने भएकाले जिल्लामा थोरै मात्र नवीकरण भएको हुनसक्छ।'

हालसम्म बाइसबोरे ६ वटा र बाह्रबोरे ३० वटा मात्र नवीकरण गरिएको बताइएको छ। भरुवा बन्दुक गाउँपालिकामा नै दर्ता गर्न मिल्ने भएकाले प्रशासनमा तथ्यांक नभएको सूचना अधिकारी मादेनले बताउनुभयो।

लिम्बु समुदायको बढी बसोबास भएको ताप्लेजुङमा धेरै घरेलु हतियार भएको आशंका गरिए पनि सोचेअनुरूप हतियार नबुझाएको सुरक्षा निकायको विश्लेषण रहेको छ। लिम्बु समुदायको संस्कृतिअनुसार मृत्यु र विवाह संस्कारको समयमा बन्दुक पड्काउने चलन रहेको छ।


## वर्गीकृत विज्ञापन

**डिप्रेशन र माईग्रेनको सफल उपचार !!!**

- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङटा लाग्ने, कान कराउने डम्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प तात्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहीँबाट नभएकाहरूलाई पनि निको पारिने।**

उपचारमा नयाँ आविस्कार सम्बन्धी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।

**युनिक मेडिटेशन सेन्टर**
नारायणी पेट्रोल पम्प
रिङरोड, बाफल
४२७९५९५, ९८४९२२८०५९, ९८१३१२५५५८

**मर्मत**

अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्टकारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरु धमाधम बिक्री भइरहेको छ । डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला ।

**उपलब्धी सुविधाहरु**
(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

**चाहियो**
मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।
खान बस्नको सुविधासहित।
If you are satisfied, tell others
If not tell us.
**राजु मो-बाइक कन्सर्न**
न्यूप्लाजा, पुतलीसडक, काठमाडौं
फोन नं. ४४३१२८९, ५०१०५५०

**बाथ तथा दमको अचुक उपचार**

हिमाली जडीबुटीहरूको ११ वर्षको लगातार अनुसन्धानपश्चात् साध्य तथा असाध्य रोगमा अपूर्व सफलता।
बाथ एवं नसारोग : स्यालको बोसो, चौंरीको घियू, मूला बीउ, रायो बीउको तेलमा ५१ जडीबुटीलाई सिद्ध गरिएको मालिस तेल र ८१ जडीबुटीबाट निर्मित खाने औषधीबाट बाथमा सफलता।
दम : रूद्राक्षको जराको सत्व, कागतीको जराको सत्व, कण्टकारीको जराको सत्व, दशौं वर्ष पुरानो सख्खर (गुड) का साथमा १३ जडीबुटीलाई सिद्ध गरिएको औषधीबाट दममा सफलता।
मधुमेह : मधुमेह धातु (वीर्य क्षीण हुने) रोग पनि भएकाले वीर्य पुष्टिका लागि- गुर्जोको सत्व, कृष्णब्राम्ही, विमिरोको जराको सत्व, ओखरको तेल, बाँसको जराको सत्व, नीर बाबरीको दानालगायत ११ जडीबुटीबाट वीर्य पुष्टि एवं मधुमेहमा सफलता साथै ग्यास्ट्रिक, अल्सर, पुरानो आउँ, अल्काई, पिनास, पुरानो खोकी, प्यारालाईसिस, साइटिका, कम्मर-घुँडा दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको, महिनावारीमा तल्लो पेट दुख्ने, श्वेतप्रदर, शीघ्रपतन, यौन अक्षमता, गानोगोला जस्ता सबै खाले पुराना रोगको सफल उपचार गरिन्छ।

**विशाल आयुर्वेद तथा ध्यान-दर्शन योगाभ्यास प्रशिक्षण आश्रम**
**महाराजगन्ज चक्रपथ, नारायणगोपाल चोक परमेश्वर मार्ग, आस्था कला केन्द्रसँगै (अमेरिकन एम्बेसीको अपोजिट साइडबाट ५-७ घर माथि आएपछि परमेश्वर मार्गमा छिर्ने)**
**फोन** : ४७२००४६
**मोबाइल** : ९८५१०७३५००

## नेपाल समाचारपत्र को वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरू

NEPAL SAMACHARPATRA

**काठमाडौं** गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोन: ३७०७०५, फ्याक्स: ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योञ्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८१९ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७१९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोन: ३५३९४१, फ्याक्स: ३५३९९६ ● ध्रुवको पसल डिल्लीबजार, फोन: ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोन: ४८६५१३, ४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्रयाक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिब्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोन: ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोन: २८२४५१, २८०६७३, फ्याक्स: २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोन: २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोन: ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोन: ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३९५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९१९, ४२४६९३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट्र) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोन: ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P .O . Box : 24829 l Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658 ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्यूनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२, फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२१९१७३ फोन : ४२७४६३३, ४२८९२६०

**ललितपुर** हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१८६० ● ज्ञान स्टेनसरी, पाटनढोका, फोन: ५४५५९२ ● ललित म्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोन: ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोन: ९८४१७६९५९२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

**भक्तपुर** सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मल: स्टेसनरी गठाघर, फोन: ६३०७५७ ● बेबिस आर्ट इटाछेँ : ६१२७२४

२०७४, मंसिर
बिहीबार
७



मनाङका ६० प्रतिशतभन्दा बढी मतदाता काठमाडौंमा रहेका र मतदान गर्न मनाङ आउनुपर्ने भएकाले मतदातालाई आफ्नो नागरिकता वा मनाङ जिल्लाबासी हो भनी खुलाउने आफ्नो परिचयपत्र साथमा लिएर आउन प्रशासनले आग्रह गरेको छ।

बाढीको असर

# ७ हजार बालबालिका पुस्तकविहीन

**कुमार श्रेष्ठ, बाँके**

गत साउनमा आएको बाढीले बाँकेमा १४ हजार ४ सय ५६ जना बालबालिका प्रभावित भए। तीमध्ये ७ हजार ५ सयको पाठ्यपुस्तक बगायो। अहिले पनि यी बालबालिका पुस्तकबिना नै स्कुल गइरहेका छन्।

जिल्ला शिक्षा कार्यालय बाँकेले तथ्यांक लिन र केन्द्रबाट पैसा मगाउन समय लागेपछि बाढीले किताब बगाएका बालबालिका अहिलेसम्म कपी लिएर स्कुल गइरहेका छन्। बालबालिकाका क्षेत्रमा काम गर्ने ठूल्ठूला संस्थाले पनि पाठ्यपुस्तक उपलब्ध गराउन सकेका छैनन्। बाढीपछि तथ्यांक निकाल्न समय लागेको र त्यसलगत्तै दशैं, तिहार बिदा भएकाले बाढीपीडित बालबालिकालाई पाठ्यपुस्तक उपलब्ध गराउन नसकेको जिल्ला शिक्षा कार्यालय बाँकेले जनाएको छ।

जिल्ला शिक्षा कार्यालय, बाँकेका विद्यालय निरीक्षक एवं डुडुवा गाउँपालिकाका शाखा अधिकृत खगेन्द्र मल्लले पाठ्यपुस्तक किन्नका लागि शिक्षा विभागबाट २७ लाख रुपियाँ मागेको जानकारी दिनुभयो। 'पाठ्यपुस्तक किन्नमात्रै २७ लाख रुपियाँ आवश्यक पर्छ। त्यो विभागबाट मगाएका छौं। पोशाक, स्टेसनरी र झोला पनि वितरण गर्ने हो, त्यसका लागि संघ-संस्थाहरूसँग कुरा भइरहेको छ', शाखा अधिकृत मल्लले भन्नुभयो- 'मंसिर २५ गतेदेखि एक हप्ता राहत वितरण गर्ने निर्णय गरिसकेका छौं।'

बाढीले किताब बगाएकामध्ये किताब किनिसकेकालाई पैसा उपलब्ध गराउने तयारी भएको छ। 'हामीले त किताब नै दिने हो, जसले किनिसकेका छन् उनीहरूलाई पैसा दिन्छौं' -शाखा अधिकृत मल्लले भन्नुभयो।

बाढी प्रभावित बालबालिकालाई 'विद्यार्थी किट' उपलब्ध गराउने तयारी भएको छ। सेभ द चिल्ड्रेन र युनिसेफले ४-४ हजार, शिक्षक महासंघले २ हजार, रेरी नामक संस्थाले १ हजार बालबालिकालाई विद्यार्थी किट उपलब्ध गराउने मल्लले जानकारी दिनुभयो। '२ हजार बालबालिकालाई विद्यार्थी किट अपुग हुन्छ, त्यसका लागि दाताको खोजी भइरहेको छ' -शाखा अधिकृत मल्लले भन्नुभयो।

साउन २७ गते रातिदेखि परेको अविरल वर्षाले बाँकेमा ठूलो क्षति पुर्‍याएको थियो। बाढीबाट १६ हजार ८ सय ८ घरधुरीका ९६ हजार २ जना प्रभावित भएका थिए। बाढीबाट जिल्लामा ८ जनाको मृत्यु भएको थियो। जिल्ला दैवी प्रकोप उद्धार समितिका अनुसार, १६ हजार ८ सय ८ मध्ये १ हजार ७१ पूर्ण र १५ हजार ७ सय ३७ घर आंशिक क्षति भएका छन्।

बाढीपीडित अहिले पनि सामुदायिक वनको छेउमा टहरा बनाएर बसेका छन्। जंगल किनारमा बसेका बाढीपीडित बालबालिका धेरै स्कुल गएका छैनन्। 'किताब, कापी पनि छैन। स्कुल पनि टाढा छ। बालबालिका स्कुल गएका छैनन्' -जंगल किनारमा बसेका अभिभावकहरू बताउँछन्।

राप्ती तटीय क्षेत्रका हजारौं बासिन्दा बर्सेनि यसरी बाढीबाट प्रभावित हुन्छन्। बालबालिका अझ बढी असर पर्ने गर्दछ। सरकारी निकायले त्यस्ता बालबालिकालाई छिटोभन्दा छिटो पढ्ने वातावरण मिलाउन सकेको छैन। बाढीपीडितको समस्याका बारेमा आसन्न चुनावमा भने सबैजसो दलले आफ्नो प्रतिबद्धतामा समेट्ने प्रयास गरेका छन्।

द्वन्द्वपीडित भन्छन्–

# शान्ति सम्झौतामा उल्लेख भएका बुँदा अझै कार्यान्वयन भएनन्

**धनवीर दाहाल, रुकुम**

तत्कालीन माओवादीले जनयुद्धको शुरुआत गरेको द्वन्द्वको उद्गमस्थल रुकुमका द्वन्द्वपीडितले शान्ति सम्झौतामा उल्लेख भएका बुँदा अझै कार्यान्वयन हुन नसक्दा द्वन्द्वको घाउ मेट्न नसकिएको बताएका छन्। ११ वर्षअघि तत्कालीन विद्रोही माओवादी र राज्यबीच भएको विस्तृत शान्ति सम्झौता हुँदा सो सम्झौतामा उल्लेख भएका बुँदाहरू कार्यान्वयन नहुनु दुःखद भएको उनीहरूको भनाइ छ। देशमा शान्ति तथा गणतन्त्र स्थापना भएको लामो समय बितिसक्दा पनि रुकुमका द्वन्द्वपीडितले अझैसम्म पनि पूर्णरूपमा राहत पाउन नसकेका हुन्।

शान्ति सम्झौताको ११ वर्ष पुगेको अवसरमा मानव अधिकार संरक्षण तथा कानुनी सेवा केन्द्र रुकुमले आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा उनीहरूले यस्तो बताएका हुन्। शान्ति सम्झौताले मुख्यरूपमा औपचारिकरूपमा द्वन्द्वको समापन र नयाँ संविधान निर्माणजस्ता कुराहरू उपलब्धिमूलक भए पनि द्वन्द्वपीडितको राहत कार्य पूर्णरूपमा प्रभावकारी हुन नसकेको उनीहरूले बताएका हुन्। सशस्त्र द्वन्द्वको अवस्थामा ज्यान गुमाएका परिवार तथा घाइते अपांगहरूले शान्ति स्थापना भएको लामो समयसम्म पनि उचित राहत पाउन नसक्दा उनीहरू चिन्तित बनेको नेपाल रेडक्रस सोटाइटी रुकुमका सभापति शिवराम खत्रीले बताए। 'रुकुममा जुन-जुन कार्यक्रम शान्ति तथा द्वन्द्वसँग जोडिएका हुन्छन्, ती सबै गोष्ठी, अन्तरक्रियालगायतका कार्यक्रममा बोल्ने सहभागीले सधैं राहत नपाएकै पीडा पोख्ने गरेका छन्', उनले भने- 'बेपत्ता, मृतक परिवारका टुहुरा बालबालिका र एकल महिलाहरूको भावनामा मल्हम नै लागेको छैन।'

लामो समयपछि भए पनि देशमा सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता छानविन आयोग गठन भएर पीडितहरूको लगत लिएको छ। तर, आयोग अहिलेसम्म पीडितलाई न्याय दिनुको साटो बेखबर बन्दा पीडितहरूलाई थप पीडा भइरहेको नेकपा एमाले रुकुमका नेता ठकेन्द्रप्रकाश पुरीले बताए। शान्ति समितिको कार्यालयमा गएर आयोगको फर्म भर्दा केही राहत र पुनर्मिलनमा सहयोग पुग्छ कि भन्ने अपेक्षा र आशा भए पनि त्यो आशा क्रमशः द्वन्द्वपीडितले मारिरहेको उनले बताए। 'पीडितहरूको कुरा र अवस्थाबारे बारम्बार सरकारी निकायबाट सुन्ने तर कार्यान्वयन नहुँदा शान्ति सम्झौता भएको ११ वर्ष पुगे पनि द्वन्द्वपीडितको हकमा अझै शान्ति आएको छैन' -उनले भने। कार्यक्रममा बोल्ने अन्य सहभागीले जिल्लास्तरमा रहेको जिल्ला शान्ति समितिको कार्यालय नै नराख्ने सरकारको निर्णयले झनै द्वन्द्वपीडित अन्योलमा परेको बताए।

कार्यक्रममा मुसिकोट नगरपालिकाका प्रमुख देवीलाल गौतमले बेला-बेला हुने सरकार परिवर्तनका कारण शान्ति सम्झौता भएको लामो समयसम्म पनि द्वन्द्वपीडितको घाउमा पूर्णरूपम मल्हम लाउन नसकेको बताउँदै आगामी दिनहरूमा त्यसको सम्बोधन हुने बताए।

द्वन्द्वपीडितले सरकारले बेला-बेला विभिन्न बहाना बनाएर आफूहरूलाई अलमल्याउन मात्र खाजेको आरोप लगाउँदै आएका छन्। रुकुम द्वन्द्वको उद्गम थलो भएका कारण यस स्थानमा राज्य तथा विद्रोही दुवै पक्षबाट धेरैको ज्यान गयो भने धेरै जनता घाइते, अपांग र सम्पत्ति कब्जा र लुटको शिकार भए। तर, रुकुममा अझै पनि द्वन्द्वको समयमा आफ्ना परिवार गुमाएका शहीद परिवार, घाइते, अपांग र सम्पत्ति कब्जा भएका पीडितहरूले न राहत पाएका छन्, न सम्पत्ति फिर्ता भएको छ। बेला-बेला स्थानीय शान्ति समितिमा यस्तै प्रकृतिका उजुरी दिने धेरै आउँछन् तर राहत र परिपूरणको कुनै पनि व्यवस्था नहुँदा उनीहरू रित्तो हात घर फर्कनुपर्ने अवस्था छ। स्थानीय शान्ति समितिमार्फत रुकुममा बेपत्ता छानविन आयोगमा २२ र सत्य निरुपण तथा मेलमिलाप आयोगमा ६ सय १८ द्वन्द्वपीडितले उजुरी दिएका छन्।

## बास बसेर भोट हाल्नुपर्ने बाध्यता

डोटी, (नेस)

बझाङको दुर्गम काँडा गाउँपालिका-५ न्युनाका ८३ मतदाताले यसपालि पनि बास बसेर मतदान गर्नुपर्ने भएको छ। धुलीमा रहेको मतदान केन्द्रमा जानका लागि उनीहरूलाई पूरै एक दिन लाग्छ।

मतदान केन्द्र टाढा हुँदा विगतका स्थानय निर्वाचनमा पनि त्यहाँका धेरै मतदाता उपस्थित भएका थिएनन। मतदान गर्नका लागि अघिल्लो दिन धेली पुगिसक्नुपर्ने वा मतदान गरकै दिन गए त्यो रात त्यहीं बस्नुपर्ने अवस्था रहेको न्युनाका स्थानीय उमेश बोहरा बताउनुहुन्छ। उहाँले महिला मतदातालाई झन् समस्या हुने गरेको जानकारी दिनुभयो। चुलोचौका, बस्तुभाउ र बालबालिका छाडेर उनीहरू त्यति टाढा नजाने भएकाले उनीहरू मतदान गर्नबाट वञ्चित भइरहेका स्थानीय ठिम्सी बोहराले बताए।

स्थानीय तहपछि, साविकका ८ र ९ नम्बर वडाका न्युना र बलौडी गाउँलाई मिलाएर एउटै वडा बनाइएको छ। हालको वडा नम्बर ५ रहेको उक्त गाउँबाट अर्को गाउँमा आउ-जाउ गर्न ८ घण्टाभन्दा बढी समय लाग्ने स्थानीयबासी बताउँछन्।

# ताप्लेजुङमा ठूला दलले नै लत्याए आचार संहिता

## २४ घण्टे अल्टिमेटम



**रविन भट्टराई, ताप्लेजुङ**

ताप्लेजुङका प्रमुख राजनीतिक दलले नै आचार संहिता उलंघन गरेको पाइएको छ। आचार संहिताविपरीत बजार बीचमा ठूला पोस्टर, फ्ल्याक्स प्रिन्ट टास्नुका साथै निजी घरहरूमा समेत बिनाअनुमति पर्चा पम्प्लेट टाँसेको पाइएको हो।

सार्वजनिकस्थल, विद्यालयमा नै चुनावी आमसभा र कार्यक्रम गरेको, चुनावी कार्यक्रममा बालबालिका प्रयोग गरेको पाइएको भए पनि मुख्य निर्वाचन अधिकृतको कार्यालयमा भने कुनै लिखित उजुरी नआएको मुख्य निर्वाचन अधिकृत तथा जिल्ला न्यायाधीश कृपासुर कार्कीले बताउनुभयो।

सदरमुकामभित्र नै आचार संहिताविपरीत ठूला पोस्टर, फ्ल्याक्स प्रिन्टको प्रयोग गरेको तथा विभिन्न पत्र-पत्रिकामा नियमविपरीत विज्ञापन छापेको देखिएकाले निर्वाचन कर्यालयको ध्यानकर्षण भएको कार्कीले बताउनुभयो।

उहाँले पोस्टर तथा फ्ल्याक्स प्रिन्ट २४ घण्टाभित्र हटाउनसमेत राजनीतिक दललाई निर्देशन दिएको उहाँले बताउनुभयो। उहाँका अनुसार आचार संहिता उल्लंघन गर्नेमा सबैभन्दा बढी नेपाली कांग्रस र नेकपा एमाले रहेका छन् भने त्यसपछि क्रमशः नेकपा माओवादी केन्द्र, संघीय लिम्बुवान मञ्चलगायतका राजनीतिक दल रहेका छन्।

आचार संहिता उल्लंघन भएको पाइएकाले राजनीतिक दललाई छलफलमा बोलाई आउँदो दिनमा त्यस्तो नगर्न निर्देशन दिएको र पुनः दोहोर्‍याए नियमबमोजिम कारबाही गर्ने चेतावनीसमेत दिएको उहाँले बताउनुभयो।

## मनाङमा आन्तरिक पर्यटकलाई रोक

मनाङ, (नेस)

आसन्न प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन आउन ५ दिनमात्र बाँकी रहँदा चुनावलाई कुनै असर नपरोस् भनी मनाङमा चुनाव अवधिभर आन्तरिक पर्यटकलाई रोक लगाएको छ।

पर्यटकका रूपमा मनाङ छिरेर चुनावलाई विथोल्न सक्ने खराब प्रवृत्तिका मानिस पनि मनाङमा छिर्न सक्ने भएकाले जिल्ला निर्वाचन कार्यालय जिल्ला प्रशासनले सबै उम्मेदवारसँग बसेर यस्तो निर्णय गरेको हो। मनाङजस्तो शान्त जिल्लामा कुनै पनि अराजक घटना नघटोस् भनी यसो गरिएको हो।

मनाङका ६० प्रतिशतभन्दा बढी मतदाता काठमाडौंमा रहेका र मतदान गर्न मनाङ आउनुपर्ने भएकाले मतदातालाई आफ्नो नागरिकता वा मनाङ जिल्लाको हो भनी खुलाउने आफ्नो परिचयपत्र साथमा लिएर आउनसमेत प्रशासनले आग्रह गरेको छ। मनाङका मानिस र मतदाताबाहेकका अरू नेपाली नागरिकलाई चुनाव अवधिभर मनाङ छिर्न रोक लगाएको प्रमुख जिल्ला अधिकारी हरिप्रसाद पन्तले बताउनुभयो।

# तेस्रोपटक चुनावी मैदानमा मिश्र

रौतहट, (नेस)

चुनावको मिति जति नजिकिँदै छ त्यति नै उम्मेदवारलाई चटारो परेको छ। किसानलाई खेतमा धान काट्न भ्याइनभ्याई भएका बेला मंसिर २१ गते हुनलागेको प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा उम्मेदवारलाई मत माग्न पनि उत्तिकै भ्याइनभ्याई भएको छ। उम्मेदवारले घरदैलो गर्दा कतिपय मतदाता खेतमा भेटिने गरेका छन्। उम्मेदवारले मतदाताको खेतमै गएर मत मागिरहेका छन्।

चार वटा क्षेत्र रहेको रौतहटको चार नम्बर क्षेत्रमा प्रजातन्त्र प्राप्तिपछि हुँदै आएको निर्वाचनमा कुनै पनि उम्मेदवारले दोहोरिएर विजयी भएको इतिहास छैन। तर, यसपटक हुन लागेको निर्वाचनमा वाम गठबन्धनका तर्फबाट एमालेका उम्मेदवार डाक्टर वंशीधर मिश्र तेस्रोपटक चुनावी मैदानमा रहेका छन्। उनी ०४८ सालको संसदीय निर्वाचनमा विजयी भएर स्वास्थ्य राज्यमन्त्रीसमेत भइसकेका छन् भने ०७० सालको संविधानसभाको निर्वाचनमा झिनो मतअन्तरले पराजित भएका नेपाली कांग्रेसका देवप्रसाद तिमल्सिना र मधेसवादी दलको गठबन्धनबाट राजपा नेपालका कन्थमणिप्रसाद जैयसवाल यसपटकको निर्वाचनमा चुनावी मैदानमा रहनुभएको छ।

तीनैजना उम्मेदवारले आफू नै विजयी हुने दाबी गर्दै आउनुभएको छ। एमालेका उम्मेदबार डाक्टर वंशीधर मिश्रले यस क्षेत्र वाम गठबन्धनको आधार क्षेत्र भएकाले चुनाव जित्न समस्या नरहेको बताउनुभयो। उता नेपाली कांग्रेसका उम्मेदवार देवप्रसाद तिमल्सिनाले झुपडीमा बसोबास गर्ने मतदाताको भोटले नै आफू चुनावमा विजयी हुने बताउनुभएको छ। बीपीको मार्गदर्शनअनुसार कांग्रेसलाई गरिब जनताले विजयी बनाउने हुँदा मलाई पनि झुपडीमा बसोबास गर्ने आम मतदाताले अमूल्य मत दिएर विजयी बनाउने उहाँले बताउनुभयो। प्रतिनिधिसभा सदस्यका लागि मधेसवादी दलको गठबन्धनका तर्फबाट उम्मेदवार बनेका राष्ट्रिय जनता पार्टी नेपालका उम्मेदवार कन्थमणी जैयसवाल स्वयं पार्टीका लागि नयाँ अनुहार हुन्।

नेपाली कांग्रेसको राजनीति पृष्ठभूमिमा रहेका जैयसवाल स्थानीय तहको निर्वाचन हुनुपूर्व माओवादी केन्द्रमा प्रवेश गरेका थिए। पार्टीले टिकट नदिएपछि गरुडा नगरपालिकाको प्रमुख पदमा स्वतन्त्र उम्मेदवारी दिए पनि उनी पराजित भएका थिए। तर, यसपटकको प्रतिनिधिसभा सदस्यका लागि उनी राजपा नेपालमा भित्रिएर उम्मेदवार बन्न सफल भएका हुन्। उनी भन्छन्- 'मधेसी जनताको भरोसा भनेकै राजपा नेपाल भएकाले मेरो विजय निश्चित छ।'

यस क्षेत्रबाट २०४८ सालको निर्वाचनमा डाक्टर वंशीधर मिश्र, २०५१ सालमा नेपाली कांग्रेसका उद्धव ढकाल, २०५६ सालमा नेकपा एमालेका तत्कालीन महासचिव माधवकुमार नेपाल, २०५६ सालकै उपनिर्वाचनमा नेपाली कांग्रेसका प्रकाश कोइराला, २०६४ सालको संविधानसभाको निर्वाचनमा तत्कालीन नेकपा माओवादीका देवेन्द्र पटेल र २०७० सालको संविधानसभाको निर्वाचनमा नेकपा एमालेका रामकुमार भट्टराई विजयी हुनुभएको थियो। यो क्षेत्रमा ४५ हजार ३ सय ५६ पुरुष र ४० हजार २ सय ६७ महिला गरी ८५ हजार ६ सय २३ मतदाता रहेका छन्।

# ४ घण्टा हिँडेर पुगिन्छ मतदान केन्द्र

मुगु, (नेस)

जिल्लामा ६० वटा मतदान केन्द्रमध्ये अधिकांश मतदान केन्द्रमा जान मतदातालाई घण्टौं समय लाग्छ। सबै ठाउँमा मतदान केन्द्र नभएपछि अधिकांश स्थनीयबासीले आफ्नो बस्तीभन्दा टाढा गई मतदान गर्नुपर्ने बाध्यता छ। ४ वटा स्थानीय तह रहेको मुगुमा सोरू गाउँपालिकको सिड्डी, सोरुकोट र आँसीधारलागाएतका बस्तीका बासिन्दा मतदान केन्द्र पुग्न १/२ घण्टा हिँड्नुपर्नेछ भने सोरू गाउँपालिका-८ का १ सय २३ घरका ४ सय ३५ मतदाताले भने आउन-जान मात्रै ८ घण्टा समय खर्चिनुपर्ने बाध्यता छ।

मतदान केन्द्र टाढा भएकै कारण बूढाबूढी, बिरामी, गर्भवती, साना बच्चा भएकी महिला, अपांग र पशुपालकहरू मतदन गर्नबाट बर्सेनि वञ्चित हुनुपरे को भैरवहादुर रावल बताउँछन्। 'बिहानै खाना बनाई बीच बाटैमा खाना खाने गरी बोकेरै लैजानुपर्छ। बिरामी, गर्भवती र पशुपालकहरूले स्वास्थ्य र घरको समस्या बताई टाढाको मतदान केन्द्रमा जान मान्दैनन्। त्यसैले जिल्ला निर्वाचन कार्यालयमा मतदान केन्द्र माग गरेको धेरै वर्ष बित्यो सुनुवाइ भएन। यसपटक स्थानीय चुनावमा पनि भोट हालिएन योपटक पनि भोट हाल्ने कुरा सपनामात्र हुने भयो' -४२ वर्षीय अपांग अकरसिंह राउलले भन्नुभयो।

रुम गाउँका मतदाता २०५१ सालको निर्वाचनदेखि बालज्योति विद्यालय गिलाहाँको मतदान केन्द्रमा ४ घण्टा हिँडेर घण्टौं लाइनमा बसी मतदान गरी राति अबेर घर पुग्न बाँध्य हुनुपरेको वडा नं. ८ का अध्यक्ष जनक रावल बताउनुहुन्छ। हिमाली जिल्ला मुगु त्यसमा पनि उच्च हिमाली भेगमा रहेको बस्ती भएकाले चिसोका कारण युवायुवतीबाहेक अधिकांश मतदान केन्द्रमा मत हाल्न जान समस्या नै छ। रुम बस्तीमा मतदाता संख्या धेरै भए पनि निर्वाचन आयोगबाट मतदान केन्द्र थप नभएकाले साविककै मतदान केन्द्रमा नै गएर मत दिनुपर्ने जिल्ला निर्वाचन कार्यालयका प्रमुख हरिप्रसाद उपाध्यय बताउनुहुन्छ।

# ८३ वर्षीयद्वारा नमुना मतदान

**हिक्मत नेपाली, दैलेख**

दैलेख नारायण नगरपालिका-७ का ८३ वर्षीया दीपबहादुर मल्ल आफ्नै घरनजिक आयोजना गरिएको नमुना मतदान कार्यक्रममा लौरो टेकेरै आइपुगे। दिउँसो ३ बजे नमुना मतदानका लागि बनाइएको मतदानस्थलमा आइपुगेका मल्ल वृद्धवृद्धाका लागि बनाइएको बस्ने ठाउँमा गई एकछिन थकाइ मारेपछि मतदान गरे।

प्रतिनिधिसभा सदस्यका लागि निर्वाचन आयोगले तय गरेको हरियो रंगको नमुना मतपत्रमा छाप लगाएपछि उनले त्यहाँ खटिएका सुरक्षाकर्मीसँग सोधे कहाँ खसाल्ने ? कर्मचारीले प्रतिनिधिसभा लेखिएको पहिलो बाकसमा खसाल्नुस् भनेपछि नजिकै रहेको पहिलो बाकसमा खसाए। त्यसपछि एकछिन उनी अलमल्लमा परे। प्रदेश सदस्यका लागि मतदान गर्नुपर्ने मतपत्र लिएर मतदान गर्न मतदान अधिकृतले उनलाई जानकारी गराए।

प्रदेशसभा सदस्यमा लागि कालो रंगको मतपत्र लिए र छाप लगाई दोस्रो बाकसमा खसाए। तेतिञ्जेलसम्म अलमल्लमा परेका मल्ल अब भने प्रतिनिधि सभा र प्रदेशसभाको समानुपातिकतर्फको रातो रंगको मतपत्र लिन पुगे। मतपत्र लिएर एउटै मतपत्रमा प्रदेश र प्रतिनिधिसभा सदस्य समानुपातिकतर्फको मतपत्रमा मतदान गरे। उनले मतदान गरिरहेको सहभागी भएका अन्य सहभागीले ध्यान दिएर हेरिरहेका थिए।

आसन्न प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनलाई लक्षित गर्दै जिल्ला निर्वाचन कार्यालय दैलेखले दैलेखका नारायण नगरपालिका-७ मा मंगलबार आयोजना गरेको नमुना मतदान गरेका उनीजस्तै ५३ जना मतदाताले मतदान गरेका छन्। नमुना मतदानमा प्रतिनिधिसभा सदस्यका लागि खसेको कुल ५३ मतमध्ये ४ मत बदर भएको थियो। यस्तै समानुपातिकतर्फको नमुना मतदानमा ५३ मध्ये २ मत बदर भएको थियो। नमुना मतदानमा सहभागी स्थानीय बासिन्दाले मतदान गर्नका लागि आफूले सोचेजस्तो असजिलो नभएको प्रतिक्रिया दिएका छन्।



मतदानको समय नजिकिँदै गर्दा मतदाता शिक्षा गाउँ-गाउँमा पुर्‍याउने उद्देश्यले नमुना मतदान कार्यक्रमको आयोजना गरिएको जिल्ला निर्वाचन अधिकृत भक्तबहादुर कार्कीले बताए। प्रमुख जिल्ला अधिकारी विश्वराज न्यौपानेले बदर मतको प्रतिशत शून्यमा झार्ने उद्देश्यले दैलेखका विभिन्न गाउँमा नमुना मतदान कार्यक्रमको आयोजना गरिएको बताए। मुख्य निर्वाचन अधिकृत सनतचन्द्र लवटले आसन्न निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्नका लागि सबै निकायलाई आ-आफ्नो ठाउँबाट लाग्न आग्रह गरेका छन्। जिल्ला निर्वाचन कार्यालय दैलेखले यसअघि पनि जिल्लाका विभिन्न ठाउँमा नमुना मतदान कार्यक्रम सम्पन्न गरिसकेको छ।

# विश्व

**हमला**

सोमालियामा अल सवाव लडाकूमाथि अमेरिकी फौजले गरेको हमलामा १ सय जनाको ज्यान गएको छ।



**रहस्य**

रहस्यमय ढंगले मृत पाइएका फाकापोंग तान्याकान नामक यी थाई सैनिकको अंग हराएको पाइएको छ।



2017, NOV
Thursday
23

**विश्व २ मिनेट**

**अमेरिकी**

## एक सय लडाकू मारिए

वासिङ्टन, (एजेन्सी)

अमेरिकी फौजले अन्तर्राष्ट्रिय लडाकू समूह अल-कायदासँग आबद्ध सोमालियास्थित अल सवाव समूहलाई लक्षित गर्दै मंगलबार हवाई आक्रमण गर्दा एक सय जनाभन्दा बढी सैनिक मारिएको सैनिक अधिकारीहरूले जनाएका छन्। सोमालियाको संघीय सरकारको समन्वयमा अमेरिकी फौजले स्थानीय समयअनुसार बिहान साढे १० बजे अल सवावको एउटा शिविरमा आक्रमण गरेको हो। राजधानी मोगादिसुदेखि करिब २ सय किमि उत्तर-पश्चिममा आक्रमण केन्द्रित भएको थियो। केही महिनायता अमेरिकी फौजले सोमालियाका लडाकूविरुद्धको कारबाही तीव्र पारेको छ।

**चीन**

## स्काइप हटाइयो

बेइजिङ, (एजेन्सी)

चीनमा एप्पल एप स्टोरलगायत एप स्टोर्सबाट स्काइपको कल र मेसेजिङ सेवा हटाइएको छ। एप्पलले चीन सरकारले स्थानीय कानुनसँग मेल नखाएको बताएपछि हटाइएका अन्य थुप्रै एपमध्ये यो पनि एक भएको बताएको छ। स्काइपका मालिक माइक्रोसफ्टले त्यो एप केही समयका लागि मात्र हटाइएको र यथाशीघ्र त्यसलाई पुन: इन्स्टल गर्ने काम भइरहेको बीबीसीलाई जनाएको छ। चीनमा एन्ड्रोइड एप स्टोर्सबाट पनि यो एप डाउनलोड गर्न नमिल्ने बनाइएको छ। चिनियाँ सञ्चारमाध्यमले अक्टोबरदेखि नै स्काइपमा अवरोध आएको जनाएको छ।

**फिलिपिन्स**

## विमान दुर्घटना

मनिला, (एजेन्सी)

फिलिपिन्स सागरमा बुधबार ११ यात्रु तथा चालक दलका सदस्य रहेको एक अमेरिकी नौसैनिक विमान दुर्घटनाग्रस्त हुँदा तीन जना बेपत्ता भएका छन् भने बाँकी ८ जनालाई सकुशल उद्धार गरेको जनाइएको छ। उक्त विमान यूएसएस रोनाल्ड रेगन सैन्य बेडामा फर्किने क्रममा उक्त दुर्घटना भएको नौसेनाको सेवेन्थ फ्लिटले जनाएको छ। पानीमा डुबेको उक्त लडाकू विमानमा रहेका तीन जनाको उद्धारका लागि प्रयास जारी रहेको नाम उल्लेख नगर्ने सर्तमा एक नौसैनिक अधिकारीले बताए। दुर्घटनास्थल जापानको ओकिनावाबाट ५ सय नटिकल दक्षिण-पूर्व रहेको जनाइएको छ।

**पाकिस्तान**

## सइदको रिहा आदेश

इस्लामावाद, (एजेन्सी)

पाकिस्तानमा एक न्यायिक समीक्षा बोर्डले हाफिज सइदलाई मुक्त गर्नुपर्ने फैसला दिएको छ। सइदलाई भारतले मुम्बईमा भएको कट्टरपन्थी हमलाका सूत्रधार मानेको छ। पाकिस्तानको पन्जाव प्रान्तमा जमात उद दावाका प्रमुख हाफिज सइद जनवरीदेखि नै नजरबन्दमा छन्। हाफिज सइदको हिरासत अवधि थप्न गरेको सरकारको अपिललाई उक्त न्यायिक बोर्डले अस्वीकार गरेको छ। गत महिना मात्रै बोर्डले हाफिज सइदको नजरबन्द ३० दिन बढाउन स्वीकृति दिएको थियो। बोर्डको आदेशपछि हाफिज सइदको रिहाइको मार्ग खुला भएको छ।

# तेस्रो विश्वका देशको तुलनामा खस्केको अमेरिका







वासिङ्टन, (एजेन्सी)

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले गत वर्ष राष्ट्रपतीय चुनावका क्रममा भनेका थिए, 'हामी तेस्रो विश्वका देश बनिरहेका छौं।' उनले राष्ट्रपति बनेको करिब १ वर्षको अवधिमा पनि धेरैपटक यो वाक्य दोहोर्‍याइसकेका छन्।

ट्रम्पले यो प्रसंग शिक्षा क्षेत्रमा विश्वका देशहरूको तुलनामा अमेरिकी प्रदर्शनलाई लिएर भनेका थिए। यद्यपि ट्रम्पका आलोचकहरूले उनको उक्त दाबीलाई बकवास ठानेका थिए। तर अमेरिका धेरै मामिलामा विश्वका अविकसित देशकै पंक्तिमा उभिएको देखिन्छ।

### औसत आयुको मामिलामा क्युबाभन्दा पछाडि

संयुक्त राष्ट्र मानव विकास कार्यक्रमको प्रतिवेदनले अमेरिकीहरूको औसत आयु ७९ दशमलव २ वर्ष भएको उल्लेख गरेको छ। औसत आयुको आँकडाको आधारमा अमेरिका विश्वमा ४०औं स्थानमा पर्छ। यो विकसित देशलगायत ल्याटिन अमेरिकी देश चिली, कोस्टारिका र क्युबाभन्दा पछाडि हो।

यो सूचीमा जापान ८३ दशमलव ७ औसत वर्षसहित सबैभन्दा माथि र स्वाजिल्यान्ड ४८ दशमलव ९ वर्षसहित सबैभन्दा तल छ।

### शिशु मृत्यु दरमा अमेरिका

यूएनडीपीको प्रतिवेदनले अमेरिका शिशु मृत्युदरको मामिलामा विश्वमा ४४औं स्थानमा रहेको देखाएको छ। यो सूचीमा क्युबा, बोस्निया, हर्जगोविना र क्रोएसियाको स्थान अमेरिकाको भन्दा राम्रो छ। यो प्रतिवेदन सन् २०१५ को हो। यसमा अमेरिकामा शिशु मत्युदर ५ दशमलव ८ प्रति एक हजार बच्चाको जन्ममा रहेको देखाइएको छ।

### प्रसूति मृत्यु दर

सन् २०१७ मा द लांसेट अखबारमा प्रकाशित एक शोधमा अमेरिकामा यो शताब्दीको शुरुआतबाट प्रसूति मृत्युदर बढिरहेको छ। सन् २००१ मा प्रतिहजार बच्चाको जन्ममा १७ दशमलव ५ रहेकामा सन् २०१५ मा २६ दशमलव ५ सम्म पुगेको उल्लेख गरेको छ।

यो आँकडा अन्य औद्योगिक देशको भन्दा निकै तल हो। जापानमा यो दर ८ दशमलव ८ देखि ६ दशमलव ४ रहेको छ भने डेनमार्कमा ५ दशमलव ८ देखि ३ दशमल २ र क्यानडा ७ दशमलव ७ देखि ७ दशमलव ३ रहेको उल्लेख गरिएको छ। अमेरिका यो मामिलामा कोस्टारिका, चीन, भियतनाम र लेबनानभन्दा पछाडि परेको छ।

### हत्याकोमामिलामाबंगलादेशभन्दा अगाडि

यूएनडीओसीका अनुसार अमेरिका मानव हत्याको मामिलामा बंगलादेशभन्दा अगाडि रहेको छ। अमेरिकामा प्रति एक लाख नागरिकमा मानव हत्या दर ४ दशमलव ८८ रहेको छ। यो मामिलामा बंगलादेशमा २ दशमलव ५१, चिली ३ दशमलव ५९, क्यानाडा १ दशमलव ६८, नेदरल्यान्ड शून्य दशमलव ६१, अल्बानिया २ दशमलव २८ रहेको छ। अमेरिका यो मामिलामा विश्वभरिको सूचीमा ५९औं स्थानमा परेको छ।

### किशोरावस्थामा गर्भधारण

किशोरावस्थामा गर्भधारणको मामिलामा अमेरिका विश्वभरिमा ६८औं स्थानमा छ। अमेरिकामा १५ देखि १९ वर्षको उमेरमा आमा बन्ने किशोरीहरूको संख्या प्रति एक हजारमा २१ रहेको छ। यो मामिलामा जापान ४, जर्मनी ६, फ्रान्स ९ र विकासोन्मुख राष्ट्र ट्युनिसिया ७ श्रीलंका १४ र सर्विया १९ सहित अमेरिकाको भन्दा राम्रो स्थानमा रहेका छन्।

### शिक्षाको मामिलामा अमेरिका

पढाइको मामिलामा अमेरिका सबैभन्दा परिणाम रहेका देशको समूहमा पर्छ। युनिभर्सिटी शिक्षाको मामिलामा अमेरिका ८ देशहरूको माथि थियो। त्यसैगरी हाइस्कुलको पढाइ गर्ने र युनिभर्सिटी शिक्षा लिनेबीचको फरक अमेरिकामा सबैभन्दा धेरै रहेको छ।

उच्च शिक्षा पढाइ पूरा नगरेका, माध्यमिक शिक्षा हासिल गर्ने र कम्तीमा दुई वर्ष विश्वविद्यालयको पढाइ गरेकाहरूको एक जाँचमा अमेरिकाको स्थान नाजुक रहेको छ। उक्त शोधमा अस्ट्रेलिया, क्यानडा, चेक गणराज्य, डेनमार्क, इस्टोनिया, फिनल्यान्ड, फ्रान्स, जर्मनी र जापानजस्ता देशहरू समावेश गरिएका छन्।

# पूर्वबोस्नियाली सर्व कमान्डर रात्कोलाई आजीवन कैद

सरायभो, (एजेन्सी)

नब्बे दशकमा बोस्नियाली युद्धको दौरान जातीय सफाया र अन्य हिंसात्मक गतिविधिमा संलग्न रहेको अभियोगमा पूर्वबोस्नियाली सर्व कमान्डर रात्को म्लादिकलाई बुधबार आजीवन कारावास सुनाइएको छ। 'बोस्नियाको कसाही'को उपनामले समेत चिनिने रात्कोले सरायभो कब्जा गर्दा र सेब्रेनिकामा बोस्नियाली मुस्लिमहरूको आम संहार गर्दा फौजको नेतृत्व गरेका थिए।

नेदरल्यान्डको हेगस्थित संयुक्त राष्ट्रसंघीय न्यायालयमा उनीमाथि लगाइएका एघारमध्ये दसवटा अभियोग सावित भएको थियो। आफूविरुद्ध उक्त सजाय सुनाइँदा ७४ वर्षीय रात्को अदालतमा उपस्थित थिएनन्। न्यायाधीशहरूप्रति चिच्याएका कारण उनलाई अदालत कक्षबाट बाहिर पठाइएको थियो।

रात्को उच्च रक्तचाप पीडित रहेको भन्दै उनका सहयोगीहरूले कानुनी प्रक्रिया रोक्न गरेको अनुरोध ती न्यायाधीशहरूले अस्वीकार गरेका थिए। तर अदालतको कारबाही थाल्दा भने शान्त अवस्थामा रहेका उनले मुस्कुराउँदै उपस्थित पत्रकारहरूले तेर्साएका क्यामरातर्फ हेर्दै हात हलाएका थिए।

रात्कोले आफूविरुद्ध लगाइएका सम्पूर्ण अभियोग अस्वीकार गरेका थिए। उनी बोस्नियाली क्रोट र बोस्नियाक सेनाविरुद्धको बोस्नियाली सर्व फौजका कमान्डर रहेका थिए। उनलाई सन् १९९५ सेब्रेनिकाको आम नरसंहारमा महत्त्वपूर्ण संलग्नता रहेको ठहर गरिएको छ। दोस्रो विश्व युद्धयताको सबैभन्दा भयावह हिंसाको रूपमा लिइएको सो घटनामा ७ हजार जनाभन्दा बोस्नियाक पुरुष बालक मारिएका थिए।

तर उनलाई अन्य महानगरमा भएका आमहत्याको अभियोगमा भने सफाइ दिइएको छ। त्यसैगरी उनीविरुद्ध युद्ध अपराध र मानवताविरुद्धको अपराधको पनि अभियोग लगाइएको हो। १९९५ मा युद्धको अन्त्यतिर उनी परिवार र सुरक्षाफौजको सहयोगमा सर्वियामा भूमिगत हुन पुगेका थिए। उनलाई सन् २०११ मा सर्वियाको उत्तरी ग्रामीण क्षेत्रमा आफ्नो काकाको छोराको घरमा लुकिरहेको अवस्थामा गिरफ्तार गरिएको थियो।




नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
डिभिजन कार्यालय, सप्तरी

**प्राविधिक प्रस्ताव स्वीकृती/आर्थिक प्रस्ताव खोल्ने सूचना**

सूचना प्रकाशित मिति : २०७४/०८/०७

यस कार्यालयबाट मिति २०७४/०२/०७ मा राजधानी राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार Upgrading Existing Roads in Siraha Municipality, Siraha District को **Invitation for Sealed Bids for the DUDBC/SAPTARI/WORK/NCB/06-073/74** मा तपसिल बमोजिम कार्यको लागि पर्नआएका बोलपत्रहरुको प्राविधिक प्रस्तावहरुको मूल्यांकन गर्दातपसिल अनुसारका बोलपत्रहरु सारभूतरुपमा प्रभावग्राही तथा योग्यताका आधारमा सफल भएकाले सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) को नियम ३१(ङ) को उपनियम (४) र (५) बमोजिम निम्त मिति, स्थान र समयमा आर्थिक प्रस्ताव खोलिने हुँदा उल्लेखित ठेक्कासँग सम्बन्धित सबैलाईयसैसूचना मार्फत जानकारी गराईन्छ।

| सि. नं. | प्राविधिक प्रस्ताव मूल्यांकनबाट छनोट भएका बोलपत्रदाता | ठेक्का नं. | कार्यको विवरण | आर्थिक प्रस्ताव खोलिने मिति, स्थान र समय |
|---|---|---|---|---|
| १. | अनक कन्सट्रक्शन/सपना निर्माण सेवा जे.भि., काठमाडौं | DUDBC/Saptari/Work/NCB/22/2073/074 | Upgrading Existing Roads in Siraha Municipality, Siraha District | मिति : २०७४/०८/१४<br>समय : दिउँसो ०१:०० बजे<br>स्थान : शहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय, सप्तरी |
| २. | दिवा निर्माण/साह ईन्जिनियरिङ्ग जे.भि., काठमाडौं | | | |
| ३. | लुम्बिनि/एम.के.जे.भि.,बबरमहल, काठमाडौं | | | |
| ४. | गौरी पार्वती/मृत संजिवनी जे.भि., खसीबजार,काठमाडौं | | | |
| ५. | नेपाल आदर्श/कुमार श्रेष्ठ जे.भि., काठमाडौं | | | |

डिभिजन प्रमुख


# हिप्पी समुदायका नाइके म्यान्सनको मृत्यु

लसएन्जेल्स, (एजेन्सी)



आफ्नो सम्मोहनयुक्त आँखा र अनुहारले अमेरिकामा अपराध फैलाएका हिप्पी समुदायका नाइके चार्ल्स म्यान्सनको ८३ वर्षको उमेरमा अमेरिकाको एउटा कारागारमा आइतबार मृत्यु भएको छ। सन् १९६९ मा अमेरिकाको लस एन्जेल्समा गर्भवती अभिनेत्री स्यारोन टेट र अन्य ६ जना व्यक्तिको ज्यान लिएको अभियोगमा उनी झन्डै पचास वर्ष अघिदेखि कारागारमा थुनिएका थिए।

क्यालिफोर्निया सुधार गृहद्वारा जारी गरिएको एक विज्ञप्तिमा भयावह हिंसा र पागलपनाका लागि कुख्यात म्यान्सनको केर्न काउन्टी अस्पतालमा कालगतिले स्थानीय समयअनुसार आइतबार साँझ ८ बजेर १३ मिनेट जाँदा मृत्यु भएको जनाइएको छ।

सुधारगृहका महिला प्रवक्ता विकस् वाटर्सले उनको शवको अटोप्सी गरिने तर परिणाम के निस्कने भन्ने स्पष्ट नभएको बताएकी छिन्। यसअघि नै कारागारका अधिकारीहरूले कुनै आफन्तको यकिन नभएका उनका सम्भावित हकदारको दस दिनसम्म प्रतीक्षा गरिने र त्यसपछि शवको अन्तयेष्टिको निर्णय कारागार प्रशासन आफैले गर्ने बताइसकेका छन्।

उनी आफैले मृत्युअघि कुनै पनि किसिमको अन्त्येष्टिका लागि इच्छा प्रकट गरेको वा नगरेको पनि स्पष्ट हुन सकेको छैन। उनको सम्पत्तिका रूपमा रहेको कम्तीमा दुईवटा गिटार र केही कलात्मक वस्तु कसैलाई कानुनीरूपमा दाबी गर्न एक वर्षसम्म मौका दिइने बताइएको छ।

सन् १९३४ को १२ नोभेम्बरमा अमेरिकाको सिन्सिनाटीमा सम्भवत: एक वेश्या किशोरीको कोखबाट म्यान्सनको जन्म भएको थियो। आठ वर्षको उमेरमा मात्र विद्यालयको मुख देखेका उनी साठीको दशकमा जाली चेकको कारण १० वर्ष जेल परेका थिए। त्यतिबेला उनले आफूलाई जेल नै घरजस्तै लाग्न थालेकाले जेलमुक्त नगर्न सरकारी अधिकारीसमक्ष अनुरोध गरेका थिए।

विवाहपञ्चमी हरेक वर्ष मंसिर शुक्लपञ्चमी तिथिमा मनाउने गरिन्छ। महोत्सवअन्तर्गत जनकपुरको राममन्दिरबाट भगवान रामको रथसहितको जन्ती र जानकी मन्दिरबाट सीताको रथ बाह्रविघा मैदानमा लगरे स्वयम्बर गरिन्छ।

## समाचार संक्षेप

### चार डीआईजीको बढुवा

काठमाडौं, (नेस)

नेपाल प्रहरीका ४ जना डीआईजीलाई एआईजीमा बढुवा गर्ने निर्णय सरकारले गरेको छ। बुधबार बसेको मन्त्रिपरिषद्को बैठकले ४ जना डीआईजीलाई एआईजीमा बढुवा गर्ने निर्णय गरेको छ।

मन्त्रिपरिषद्को बैठकले डीआईजीहरू मधुप्रसाद पुडासैनी, हेमन्तबहादुर पाल, माधवप्रसाद नेपाल र पंकज श्रेष्ठलाई एआईजीमा बढुवाको निर्णय गर्दै पदस्थापन गरेको छ।

बैठकले २ जना प्रदेश प्रमुखका रूपमा कार्यरत प्रहरीको सरुवा गरेको छ। ५ नम्बर प्रदेश प्रहरी प्रमुख एआईजी मिङमार लामा र ७ नम्बर प्रदेश प्रहरी प्रमुख एआईजी विजय भट्टको सरुवा गरेको छ।

एआईजी बढुवा भएका पुडासैनीलाई ५ नम्बर प्रदेश प्रहरी प्रमुख र नेपाललाई ७ नम्बर प्रदेश प्रहरी प्रमुखको जिम्मेवारी तोकिएको छ। त्यस्तै, एआईजी श्रेष्ठलाई कार्य विभाग, पाललाई मानवस्रोत व्यवस्थापन विभागमा पदस्थापन गरिएको छ।

### १२औं पटक भोट हाल्ने तयारी

हेटौंडा, (नेस)

पछिल्लो स्थानीय निर्वाचन हुँदा हेटौंडा-२ का चिरञ्जीवी आचार्य ८२औं वसन्त पार गरिरहनुभएको थियो। हाल उहाँ उमेरले १ शताब्दी अर्थात् १ सय वर्ष काटिसक्नुभएको छ। पछिल्लो स्थानीय निर्वाचन २०५४ सालमा भएको थियो। त्यसयता पहिलो चरणमा मकवानपुरमा स्थानीय निर्वाचन भयो। जसले गर्दा निकै खुसी देखिनुभएका आचार्यमा अर्को खुसी थपिएको छ ।

२००७ सालदेखिकै परिवर्तनलाई नजिकबाट हेरिरहनुभएका चिरञ्जीवीले मतदान गर्ने तीव्र इच्छा व्यक्त गर्दै भन्नुभयो- 'मंसिर २१ गतेसम्म त अब कसो नबाँचौंला ? पनातिको हात समातेर भने पनि भोट हाल्न जान्छु।' मंसिर २१ को मतदान आफ्नो जीवनको १२ औं मतदान भएको उहाँ बताउनुहुन्छ। करिब दुई दशकपछि भएको स्थानीय तह निर्वाचनले उहाँ उत्साहित देखिनुभएको थियो। हाल प्रतिनिधिसभा निर्वाचनको माहोलले उहाँमा खुसी थपिएको हो।

## देउवालाई ओलीको कटाक्ष

# 'हामी प्रजातन्त्रका लागि लड्दा तपाई कुन देशमा हुनुहुन्थ्यो ?'

नरेन्द्र केसी, घोराही

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले प्रधानमन्त्री एवं कांग्रेस सभापति शेरबहादुर देउवालाई कटाक्ष गर्दै आफूहरू प्रजातन्त्रका लागि लडिरहँदा तपाईं कुन देशमा हुनुहुन्थ्यो ? भनेर प्रश्न गर्नुभएको छ। वामपन्थीले जिते लोकतन्त्र सकिन्छ भन्ने देउवाको अभिव्यक्तिको प्रतिवाद गर्दै उहाँले यस्तो कटाक्ष गर्नुभएको हो।

दाङको घोराहीमा बुधबार वाम गठबन्धनले गरेको चुनावी सभालाई सम्बोधन गर्दै उहाँले भन्नुभयो- 'म २०४६ सालको आन्दोलनमा सडकमा जीवनमरणको लडाइ लडिरहेको बेला देउवाजी कुन देशमा हुनुहुन्थ्यो मलाई चाहिँ जानकारी छैन, जसले प्रजातन्त्रका लागि रगत बगायो त्यही शक्तिले प्रजातन्त्र चाहँदैन भन्न मिल्छ ।

वामपन्थीले जितेपछि लोकतन्त्र होइन कांग्रेस नेताहरूको भ्रष्टाचारको युग भने सकिने उहाँको दाबी थियो। 'हामीलाई लोकतन्त्रको सर्टिफिकेट कसैले दिइरहनुपर्दैन, कांग्रेसका नेताहरूले भनेजस्तै लोकतन्त्र सकिने होइन हामीले जितेपछि उहाँहरूको भ्रष्टाचारको युग भने सकिन्छ।' आफूहरूले राष्ट्रिय स्वाभिमान र जनताले समान अधिकार पाउनुपर्छ भनेर आवाज उठाउँदा त्यो लोकतन्त्रविरोधी नहुने पनि ओलीले बताउनुभयो।

नेपालमा एउटै कम्युनिस्ट पार्टी बनाएर कम्युनिस्ट सरकार बनाउने उद्घोष गर्दै ओलीले थप्नुभयो- 'जसले जे भनोस्, अब एमाले र माओवादी मिल्योमिल्यो, नेपालमा कम्युनिस्ट सरकार बन्योबन्यो।' वामपन्थीको बहुमत निश्चित भएको उल्लेख गर्दै उहाँले दुई तिहाई मत दिन मतदातासँग आग्रह गर्नुभयो। 'तपाईं मत दिनुहोस्, हामी विकास दिन्छौं, जित्ने त निश्चित भइसक्यो, अब दुई तिहाईका लागि मत दिनुहोस्'- उहाँले भन्नुभयो। अहिले तालमेलबाट शुरू भएको अभियान पार्टीमा एकतामा पुग्ने उल्लेख गर्दै उहाँले एकता हुँदैन कि भनेर कसैले शंका गर्नु आवश्यक नरहेको उहाँले प्रष्ट पार्नुभयो।

**विप्लवलाई सुझाव- बुद्धिको बटुका सोझ्याउनुस्**

अध्यक्ष ओलीले निर्वाचन वहिष्कार गरेको नेत्रविक्रम चन्द विप्लवको पार्टीलाई बुद्धिको बटुका (कचौरा) सोझ्याउन सुझाव दिनुभएको छ। 'म विप्लव भाइलाई भन्न चाहन्छु, तपाईं पनि बुद्धिको बटुका सोझ्याउनुहोस्, वहिष्कार भन्नुहुन्छ अनि हामी आउने दिन रोजेर बन्द आह्वान गर्नुहुन्छ' -बुधबार विप्लव पार्टीले गरेको दाङ बन्दप्रति लक्षित गर्दै भन्नुभयो- 'वहिष्कार गर्ने भए चुनावी सभामा आउने जनता किन रोक्नुपर्‍यो, कसको मद्दतका लागि यो काम गर्दै हुनुहुन्छ ?'

सभालाई सम्वोधन गर्दै माओवादी केन्द्रका नेता रामबहादुर थापा 'बादल'ले अहिलेको चुनाव पार्टीको एकताकै तयारी भएको बताउनुभयो। अब यो देशमा पूँजीवादी व्यवस्था कि समाजवादी व्यवस्था भन्ने जनमत संग्रहकै रूपमा निर्वाचन हुन थालेकाले समाजवादी शक्तिलाई अत्यधिक मतका साथ विजयी गराउन पनि उहाँले आग्रह गर्नुभयो।

# बुथ कब्जा असम्भवः *प्रहरी प्रमुख*

चिरञ्जीवी मास्के, दोलखा

हरेक निर्वाचनमा बुथ कब्जा हुने जिल्ला भनेर बद्नामी कमाएको दोलखामा यो पटक प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा निर्वाध रूपमा मतदाताले मतदान गर्ने वातावरण बनाइने दोलखाका प्रहरी प्रमुख प्रहरी नायब उपरीक्षक रामेश्वर कार्कीले बताएका छन्।

यो पकट कुनै पनि समूह या दलले जनताको मताधिकार खोस्न सक्दैनन्, हामी जिल्लाको हरेक बुथमा मतदाताले सहज र सुरक्षित ढंगले मतदान गर्ने वातावरण बनाउँछौं' -प्रहरी नायब उपरीक्षक कार्कीले भने। उनले जिल्लामा सुरक्षा संवेदशीलताको आधारमा प्रहरी परिचालन गरिने बताए।

राजनीतिक गतिविधिमा संलग्न रहेको अवस्थामा बाहेक कोही कसैले निर्वाचनलाई प्रभावित पार्ने गतिविधि गरे तत्काल पक्राउ गरी आवश्यक कारबाही गरिने र निर्वाचनको दिन कुनै बुथमा कब्जा गर्ने गतिविधि भए उक्त बुथको निर्वाचन तत्काल रद्द गरिने प्रहरी नायब उपरीक्षक कार्कीको भनाइ छ।

२ नगरपालिका र ७ गाउँपालिका भएको दोलखा जिल्लामा ९४ वटा मतदान केन्द्र र १ सय ९० वटा बुथ रहेका छन्। जिल्ला सुरक्षा समितिले ९४ मतदान केन्द्रमध्ये ८२ वटा अति सम्वेदनशील मतदान केन्द्र र १२ वटा संवेदनशील मतदान केन्द्र भनी बर्गीकरण गरेको छ। तर केन्द्रीय सुरक्षा समितिले भने ९ वटा अति संवेदनशील, २४ वटा संवेदनशील र ६१ वटा सामान्य मतदान केन्द्र भनि बर्गीकरण गरेर पठाएको जिल्ला सुरक्षा समितिको अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी लक्ष्मण विक्रम थापाले जानकारी दिए।

मतदानस्थलको बर्गीकरणअनुसार प्रहरी परिचालन हुने र निर्वाचनमा जसरी पनि भयरहित वातावरणमा मतदाताहरूले मतदान गर्ने अवस्था बनाइने प्रहरी नायब उपरीक्षक कार्कीको भनाइ छ। कार्कीका अनुसार अति संवेदनशील मतदान केन्द्रमा प्रहरी निरीक्षकको कमान्डमा प्रहरी परिचालन हुनेछन् भने संवेदनशील मतदान केन्द्रमा सई र सामान्य मतदान केन्द्रमा असईको कमान्डमा प्रहरी परिचालन हुनेछ। विगतका निर्वाचनमा बुथ कब्जा गरिएको भनेर बद्नामी कमाएको जिल्लाको गैरीमुदी, झुले, सहरे, नाम्दु, क्षेत्रपालगायतको केन्द्रमा सुरक्षाकर्मीको संख्या बढाइएको र सुरक्षाको हिसाबले अति संवेदनशील मानिएको केन्द्रनजिक नेपाली सेना र सशस्त्र प्रहरीको बेस क्याम्प रहेको प्रहरी नायब उपरीक्षक कार्कीले बताए।

निर्वाचन सुरक्षालाई मध्यनजर गर्दै प्रहरीले प्रहरी निरीक्षकको कमान्डमा गाउँपालिकामा २ वटा, नगरपालिकामा ३ वटा र जिल्ला केन्द्रित गरी २० वटा मोबाइल टोलीसमेत परिचालन गरिएको कार्कीले बताए। दोलखामा १ लाख ४७ हजार ९ सय २३ मतदातामध्ये ७४ हजार ४५ जना महिला र ७३ हजार ८ सय ७८ जना पुरुष मतदाता रहेको जिल्ला निर्वाचन कार्यालय दोलखाका प्रमुख सच्युतराज उप्रेतीले बताएका छन्।

# विवाहपञ्चमीमा बेहुली झैं सजाइयो जानकी मन्दिर



जनकपुरधाम, (नेस)

त्रेता युगमा अयोध्याका राजकुमार भगवान राम र मिथिलाकी राजकुमारी सीताको विवाह भएको स्मरणमा मिथिला क्षेत्रमा सप्ताहव्यापी रूपमा मनाइने रामजानकी विवाहपञ्चमी महोत्सव लागि जानकी मन्दिरलाई बेहुलीझैं सजाइएको छ।

जनकपुरमा प्रत्येक वर्षझैं यस वर्ष पनि भव्य रूपमा वैवाहिक कार्यक्रमहरूको आयोजना गरी रामजानकी विवाह महोत्सव मनाइँदै छ।

विवाहपञ्चमी हरेक वर्ष मंसिर शुक्लपञ्चमी तिथिमा मनाउने गरिन्छ। महोत्सवअन्तर्गत जनकपुरको राममन्दिरबाट भगवान रामको रथसहितको जन्ती र जानकी मन्दिरबाट सीताको रथ बाह्रविघा मैदानमा लगरे स्वयम्बर गरिन्छ। त्यसपछि दुवै रथलाई जानकी मन्दिर पुर्‍याइ बेलुकी वैदिक परम्पराअनुसार रामजानकीको विवाह गरी विवाह महोत्सव सम्पन्न गर्ने चलन छ। विवाहपञ्चमी महोत्सवको सप्ताहव्यापी कार्यक्रमअन्तर्गत आज पाँचौं दिन जानकीको मटकोर सम्पन्न भएको छ।

# हातहतियार र विष्फोटक पदार्थ बरामद

हेटौंडा, (नेस)

जिल्ला प्रहरी कार्यालय मकवानपुर, प्रहरी चौकी पदमपोखरी र प्रहरी चौकी लेवटबाट खटिएको प्रहरी टोलीले बुधबार मकवानपुरको मनहरी गाउँपालिका वडा नम्बर २, सिद्धकाली बस्ने इमानबहादुर थिङको घरबाट ठूलो परिमाणमा हातहतियार तथा विष्फोटक पदार्थ बरामद गरेको छ।

उनले लुकाइराखेको सूचनाका आधारमा घर खानतलासी गर्दा हातहतियार तथा विष्फोटक पदार्थ फेला परेको हो। घरधनी थिङ घरमा फेला परेनन्। थिङ द्वन्द्वको समयमा जनमुक्ति सेनामा रहेको र हाल नेपाल कम्युनिस्ट पार्टी (विप्लव समूह) का सक्रिय कार्यकर्ता भएको बुझिएको प्रहरीले जनाएको छ। प्रहरीले उनको खोजी तथा अन्य अनुसन्धान थालेको छ।

उनको घरबाट कटुवा बन्दुक थान १, कटुवामा लाग्ने १२ बोरको गोली राउन्ड थान ३, २७ नं. को डेटोनेटर थान २, बिजुलीको तार करिब २ सय मिटर, सकेट पाइप थान १, सर्किट व्याट्री थान २, जिलेटिन पहेंलो रङको १ सय ग्राम, डेटकर्ड तार २ मिटर, बारुद बनाउने सेतो रङको कच्चापदार्थ ३ सय ग्राम, कालो रङको बारुद १ सय ५० ग्राम बरामद भएको प्रहरीले जनाएको छ।

एसएलआर राइफलको म्याग्जिन थान १, ३७ नं. को डेटोनेटर थान ३, इन्सास राइफलको म्याग्जिन थान १, राइफलको तेल २ सय मिली, नेपाली सेनाको पाइन्ट थान १ र सशस्त्र प्रहरी चुस्ताको सर्ट थान १, जनमुक्ति सेनाको कमब्याट, टोपी थान २, हाम्रो संश्लेषण र साम्यवादका विशेषता लेखिएको किताब थान १ बरामद गरिएको छ।

## दुवै...

दुई निर्वाचन क्षेत्र रहेको सिन्धुपाल्चोकको प्रतिस्पर्धालाई पनि आम सर्वसाधारणले रोचक रूपमा हेरिरहेका छन्। सिन्धुपाल्चोकमा नेपाली कांग्रेस र राष्ट्रिय प्रजातन्त्र पार्टीबीच चुनावी तालमेल भएको छ। क्षेत्र नं १ मा माओवादी केन्द्रका अग्निप्रसाद सापकोटा र र नेपाली कांग्रेसका मोहनबहादुर बस्नेतबीच प्रतिस्पर्धा हुँदै छ। सिन्धुपाल्चोक २ नम्बर क्षेत्रमा वाम गठबन्धनबाट एमालेका नेता शेरबहादुर तामाङ र नेपाली कांग्रेस र राप्रपाको गठबन्धनबाट पशुपतिशमशेर राणाबीच चुनावी प्रतिस्पर्धा हुँदै छ। राणा र बस्नेत दुवै पार्टीभित्र मात्र हैन राष्ट्रिय राजनीतिका चर्चित व्यक्ति हुन्।

ओखलढुंगा र ताप्लेजुङको चुनावी प्रतिस्पर्धामा पनि राष्ट्रिय राजनीतिमा चर्चित रहेको अनुहारहरूको भिडन्त भइरहेको छ। ओखलढुंगामा प्रतिनिधिसभा निर्वाचनका लागि नेपाली कांग्रेसका रामहरि खतिवडा र वाम गठबन्धनबाट एमालेका यज्ञराज सुनुवारबीच प्रतिस्पर्धा भइरहेको छ भने ताप्लेजुङ्मा नेपाली कांग्रेसका केशव दाहाल वाम गठबन्धनबाट एमाले नेता योगेश भट्टराईबीच प्रतिस्पर्धा भइरहेको छ। यहाँ स्थानीय निर्वाचनको मतपरिणामअनुसार नेपाली कांग्रेसभन्दा वाम गठबन्धन ५ हजार ३ सय ४५ मतले अगाडि देखिएको छ।

जाजरकोटमा वाम गठबन्धनबाट माओवादी केन्द्रका शक्तिबहादुर बस्नेत र नेपाली कांग्रेसका राजीवविक्रम शाहबीच चुनावी प्रतिस्पर्धा हुँदै छ भने सोलुखुम्बुमा वाम गठबन्धनका तर्फबाट माओवादी केन्द्रका हेमकुमार राई र नेपाली कांग्रेसका तर्फबाट बलबहादुर केसीबीच चुनावी प्रतिस्पर्धा हुँदै छ। संखुवासभामा माओवादी केन्द्र र एमालेको वाम गठबन्धनबाट एमालेका राजेन्द्र गौतम र नेपाली कांग्रेसका दीपक खड्का चुनावी मैदानमा छन्। खड्का पूर्वमन्त्रीसमेत हुन्।

पाँचथरमा एमाले माओवादी गठबन्धनबाट एमाले नेता वसन्त नेम्वाङ र नेपाली कांग्रेसका तर्फबाट भीष्मराज आङ्देम्बे चुनावी प्रतिस्पर्धामा छन्। भोजपुरमा नेपाली कांग्रेसका उमेशजंग रायमाझी र वाम गठबन्धनबाट माओवादीका नेता सुदन किराँतीबीच प्रतिस्पर्धा भइरहेको छ। खोटाङमा वाम गठबन्धनको तर्फबाट एमाले नेता विशाल भट्टराई र नेपाली कांग्रेसका तर्फबाट सरस्वती मजिमय चुनावी प्रतिस्पर्धामा छन्।

आइतबार हुने निर्वाचनमा रोल्पा र रुकुम (पश्चिम भाग) को चुनावी प्रतिस्पर्धा पनि रोचक हुँदै छ। यहाँ वाम गठबन्धको तर्फबाट माओवादी केन्द्रका नेता वर्षमान पुन र जनार्दन शर्माले जित्छन् कि हार्छन् भन्ने आम चासो रहेको छ। रोल्पामा प्रतिनिधि सभा निर्वाचनका लागि वाम गठबन्धनबाट माओवादी केन्द्रका पुन र नेपाली कांग्रेसका तर्फबाट अमरसिंह पुनबीच चुनावी प्रतिस्पर्धा हुँदै छ भने रुकुम जिल्ला पश्चिम भागमा शर्मा र नेपाली कांग्रेसका गोपालजीजंग शाहबीच चुनावी प्रतिस्पर्धा हुँदै छ। माओवादीका दुवै नेता राष्ट्रिय राजनीतिका चर्चित व्यक्ति हुन।

रसुवामा वाम गठबन्धनबाट एमालेका जनार्दन ढकाल र नेपाली कांग्रेसका मोहन आर्चायबीच प्रतिस्पर्धा हुँदै छ भने धादिङ-१ बाट वाम गठबन्धनका भूमि त्रिपाठी र कांग्रेसका विश्व अर्याल चुनावी मैदामा अग्रस्थानमा देखिएका छन्।

दोलखामा नेपाली कांग्रेसबाट रुद्रबहादुर खड्का र वाम गठबन्धनबाट एमालेका पार्वत गुरुङ, रामेछापमा वाम गठबन्धनबाट माओवादी केन्द्रका श्यामकुमार श्रेष्ठ र नेपाली कांग्रेसका कान्छाराम तामाङ चुनावी प्रतिस्पर्धामा अग्रस्थानमा छन्। थोरै मतदाता रहेको मुस्ताङमा कांग्रेसका रोमी गौचन थकाली र गठबन्धनका प्रेमप्रसाद तुलाचन चुनावी मैदामा छन्। माओवादी नेता देव गुरुङ चुनावी प्रतिस्पर्धामा रहेको लमजुङमा नेपाली कांग्रेसका तर्फबाट दिलबहादुर घर्तीले प्रतिस्पर्धा गरिहेका छन्।

पहिलो चरणमा निर्वाचन हुने जिल्लामध्ये मनाङमा गठबन्धनबाट एमालेका पाल्देन गुरुङ र नेपाली कांग्रेसका तर्फबाट टेकबहादुर गुरुङ चुनावी प्रतिसपर्धामा छन्। दुई क्षेत्र रहेको बाग्लुङमा क्षेत्र नं १ मा नेपाली कांग्रेसबाट चम्पादेवी खड्का र वाम गठबन्धनबाट एमालेका डा. सूर्य पाठक प्रतिस्पर्धामा छन् भने क्षेत्र नं. २ मा वाम गठबन्धनबाट माओवादीका देवेन्द्र पौडेल र नेपाली कांग्रेसका नरबहादुर पुन छन्।

म्याग्दीमा प्रतिनिधिसभा निर्वाचनका लागि वाम गठबन्धनबाट भूपेन्द्रबहादुर थापा र नेपाली कांग्रेसबाट गम्भीर गर्बुजा चुनावी मैदानमा रहेका छन् भने रुकुमको पूर्वी भागमा गठबन्धनबाट माओवादी केन्द्रका नेता कमला रोका र नेपाली कांग्रेसका नेता अमरसिंह पुनबीच प्रतिस्पर्धा हुँदै छ। हुम्लामा वाम गठबन्धनबाट माओवादी केन्द्रका चिमी लामा र नेपाली कांग्रेसका मंगल शाहीबीच प्रतिस्पर्धा हुँदै छ। मुगुमा वाम गठबन्धनका तर्फबाट एमाले नेता गोपाल बम र नेपाली कांग्रेसका तर्फबाट हस्तबहादर मल्लबीच चुनावी प्रतिस्पर्धा हुँदै छ।

स्थानीय निर्वाचनको मत परिणामलाई आधार मान्दा पहिलो चरणमा हुने निर्वाचनमा अधिकांश क्षेत्रमा वाम गठबन्धन अगाडि देखिने भए पनि प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा यो आधारले मेल नखाने बताइएको छ। स्थानीय निर्वाचनपछि नयाँ मतदाता पनि थपिएका छन्। नेपाली कांग्रेस केन्द्रीय निर्वाचन परिचालन समितिका संयोजक बालकृष्ण खाँणका अनुसार पहिलो चरणको निर्वाचनमा कांग्रेसले प्रतिनिधिसभातर्फ १५ र प्रदेशसभातर्फ ४० सिटमा विजयी हुने आंकलन गरिएको छ।

## वन-वातावरणका...

स्थिर सरकार नबनेसम्म घोषणापत्र खोक्रो आश्वासन बन्ने गरेको शर्मासहितका विज्ञको बुझाइ छ।

दुर्लभ वन्यजन्तु संरक्षण, आरक्षण क्षेत्र विस्तार, प्राकृतिक चिडियाखाना स्थापनाका कार्यलाई पनि दलहरूले जोड दिएका छन् भने कांग्रेसले केही वन्यजन्तुको व्यावसायिक पालनपोषण र संरक्षण कार्यलाई प्रोत्साहन गर्ने जनाएको छ। अधिकांश दलहरूले नदी कटान, बाढी डुबान रोकथामसँगै जैविक ऊर्जा, प्राङ्गारिक मल उत्पादनमार्फत् शहरी क्षेत्रको फोहोर व्यवस्थापनका अवधारणा अघि सारेका छन्। तराई मधेस क्षेत्रलाई बाढीको प्रभावबाट मुक्त बनाउन प्रत्येक वर्ष कम्तीमा १ सय किमि तटबन्ध निर्माण गर्ने कांग्रेसले महत्वाकांक्षी योजना अघि सारेको छ।

वातावरणसँग जोडिएका प्रकोप जोखिम न्यूनीकरणका कार्यक्रमलाई धेरै दलहरूले धेरथोर समेटेका छन्। जलवायु परिवर्तनले जैविक विविधतामा पार्ने नकारात्मक प्रभाव र अनुकूलन कार्यक्रमको विषयलाई दलहरूले आ-आफ्नै ढंगले व्याख्या गरे पनि कार्वन व्यापारको कुरा समेटेका छैनन्। कांग्रेसले भने मुलुकले कार्बन व्यापारबाट लिन सक्ने लाभका सम्भावनालाई जनस्तरमा पुर्‍याउन आफ्नो नेतृत्वको सरकारको प्राथमिकता रहने उल्लेख गरेको छ।

नयाँ शक्ति नेपालले जैविक विविधता, वनजंगल, जलाधार तथा पानीका स्रोत र वातावरण संरक्षण कार्यक्रमलाई घोषणापत्रको २७ नम्बर पृष्ठमा समेटिएको छ।

जलवायु परिवर्तन अनुकूलन, बाढी, पहिरो जस्ता प्राकृतिक प्रकोप न्यूनीकरणमा विशेष कार्यक्रम ल्याइने सो पार्टीले जनाएको छ। घोषणापत्रमा हरेक प्रदेशका लागि छुट्टाछुट्टै विशेष योजना समेटिएको छ। २ नम्बर प्रदेशका बागमती, लालबकैया, कमला, खाडो र महली नदीहरूमा बाढी नियन्त्रण कार्यक्रम तीव्रताका साथ लागू गर्ने तथा संघीय स्तरबाट विकास गरिने रणनैतिक महत्वका योजनामा चुरे संरक्षणको कार्यक्रमलाई प्राथमिकता दिइएको छ।

## सगरमाथाको...

सरकारसँग माग गरिएको बजेटमापन कार्यलाई आधिकारिक बनाउन अन्तर्राष्ट्रिय विज्ञ, अन्तर्राष्ट्रिय मान्यता प्राप्त प्राविधिक यन्त्र, मापनका लागि खटिनेका लागि विशेषज्ञ तालिम, कर्मचारीमा सो रकम खर्च हुने बताइएको छ। उचाइ मापनका लागि आवश्यक पर्ने अन्तर्राष्ट्रिय मान्य प्राप्त प्रविधि भू-

उपग्रहमा आधारित जीपीएस टेक्नोलोजीअन्तर्गत २० वटा जीपीएस इक्विपमेन्टसमेत विभागमा छ।

अहिलेसम्म सन् १८५२ देखि सन् २०११ सम्म दशपटक सगरमाथाको मापन गरिएको छ। विभागले सन् १९५४ को भारतीय नापी टोलीलाई पहिलोपटक स्वीकृति दिएको थियो। नेपालले अहिलेसम्म आधिकारिक रूपमा मान्दै आएको उचाइ भने यही भारतीय टोलीको रहेको नापी विभागले बताएको छ।

हार्दिक श्रद्धाञ्जली



जन्म
२०१० चैत्र ११

स्वर्गारोहण
२०७४ मंसिर १

स्व. जुद्धरत्न बज्राचार्य

जनसेवा सामुदायिक केन्द्रका सदस्य एवम् समाज सेवी जुद्धरत्न बज्राचार्य ज्यूको असामयिक स्वर्गारोहण भएको आज ७ औं दिनको पूण्य तिथिमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति मिलोस भनि भगवान सँग प्रार्थना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

